राष्ट्रिय स्वतन्त्र पार्टी

स्थानीय निर्वाचनका लागि

# उम्मेदवार छनोट रुपरेखा

## (CANDIDATE SELECTION FRAMEWORK)

# प्रस्तावना

राजनीतिक दल सार्वजनिक निगरानी र पहुँचमा रहने संस्था हो। विशिष्ट मूल्य–मान्यता र दार्शनिक आधारको जगमा गठन हुने विचार र सिद्धान्तलाई आत्मसात गर्दै सङ्गठित हुन चाहने जुनसुकै तह र तप्काका नागरिकहरूलाई दल तथा दलका सबै गतिविधिमा आबद्ध हुने वैज्ञानिक, वस्तुपरक, समानतामा आधारित र खुकुलो विधि तय गर्दै विविधतालाई समेट्न दलले हरदम प्रयास गर्नुपर्छ।

सामान्यतया नेपालमा अहिलेसम्म भएका आन्दोलन, जनविद्रोह तथा सशस्त्र द्वन्द्व (राष्ट्रिय स्वतन्त्र पार्टीले हिंसात्मक विधिलाई स्वीकार गर्दैन ) को आधार हेर्ने हो भने राज्य सञ्चालनकर्ताको अकर्मण्यता, कुशासन, भ्रष्टाचार, आसेपासे पोस्ने नीति आदिका कारण नागरिकमा उत्पन्न भएको असन्तोष र निराशा नै मुख्य कारण देखिन्छ।

यसो हुनुको पछाडि दलहरूमा आन्तरिक लोकतन्त्रको अभाव र दलको शीर्ष नेतृत्वले व्यक्तिगत, पारिवारिक तथा सीमित समूहगत लाभका लागि दलको संरचना र दलले प्राप्त गरेको राजनीतिक वैधताको आधारमा बन्ने सरकारसमेत नियन्त्रण गर्ने परिपाटी प्रमुख कारकका रूपमा देखिन्छ। यस्तो अवस्थामा हामीले अपनाएको लोकतान्त्रिक प्रणालीमा सुशासन र राज्य शुद्धीकरणको मुहान दलको आन्तरिक शुद्धीकरण नै हो। दलको नियत शुद्ध हुने, जनमत प्राप्त नेतृत्वले स्पष्ट विधि तय गर्ने र त्यसको सम्मान गर्ने प्रतिबद्धता मात्र व्यक्त गर्न सके पनि राजनीति धेरै हदसम्म सुधारतर्फ उन्मुख हुन सक्छ।

२०८२ फागुन २१ गते सम्पन्न निर्वाचनमा नेपाली नागरिकले राष्ट्रिय स्वतन्त्र पार्टीप्रति अगाध विश्वास गर्दै लगभग दुई–तिहाइ मतको जुन ऐतिहासिक जनादेश दिएका छन्, त्यसले हाम्रो काँधमा युगान्तकारी जिम्मेवारी थपिदिएको छ। नागरिकको यो अपार विश्वास र जनादेशको अभिभारालाई न्याय गर्न तथा जनअपेक्षा अनुरूप डेलिभरी दिन स्थानीय तहमा योग्य, सक्षम, इमानदार र जनउत्तरदायी व्यक्तिहरूको नेतृत्व हुनैपर्छ।
संघीय लोकतान्त्रिक गणतन्त्रमा नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष जोडिने सरकार भनेकै स्थानीय सरकार हो। त्यसैले राष्ट्रियस्तरमा प्राप्त म्यान्डेटलाई तल्लो तहसम्म सफल बनाउन स्थानीय तहको नेतृत्व सबल, सक्षम र उत्कृष्ट हुन अनिवार्य छ।

राजनीतिक दलमा सबै नागरिकको समान पहुँच र विविधतालाई सुनिश्चित गर्ने महत्त्वपूर्ण प्रक्रियामध्ये निर्वाचन एक हो। निर्वाचनमा विधि हावी हुन्छ कि व्यक्ति? नीति हावी हुन्छ कि नेता? भन्ने प्रश्नको उत्तरले नै दलको चरित्र, लोकतन्त्रप्रतिको प्रतिबद्धता र नागरिकमाझ दलको पहिचान स्थापित गर्दछ। नेताको घर र चोटाकोठा चाहर्ने होइन, जनताको मनमा बस्ने र देश, समाज तथा स्थानीय समुदाय रूपान्तरणको स्पष्ट मार्गचित्र कोर्न सक्नेहरूले मात्र निर्वाचन उठ्ने र जित्ने अवस्था निर्माण गर्न राष्ट्रिय स्वतन्त्र पार्टी स्थापनाकालदेखि नै प्रतिबद्ध छ।

यसर्थ, स्थानीय तहको नेतृत्वका लागि योग्य र सक्षम उम्मेदवारहरू छान्न पार्टीले अवलम्बन गर्ने विधि वैज्ञानिक, तथ्यपरक, पारदर्शी र सबै तहका नागरिकले अपनत्व लिने खालको हुनैपर्छ भन्ने मान्यता यस दलले अङ्गीकार

गरेको छ। नेपालको राजनीतिक इतिहासमा अरू कुनै दलले अभ्यास नगरेका जनमुखी विधिहरू तय गरी उम्मेदवार छनोट प्रक्रियालाई पूर्णतः लोकतान्त्रिक बनाउने हाम्रो परिकल्पना हो।

यो दल कुनै नेताको लहडबाट होइन, विधिबाट मात्र देश र जनताप्रति प्रतिबद्ध योग्य उम्मेदवार चयन हुन सक्छ भन्ने विश्वास राख्दछ। यही मान्यतालाई आत्मसात गर्दै यस दस्तावेजमा आगामी स्थानीय तहको निर्वाचनका क्रममा अपनाइने उम्मेदवार छनोट प्रक्रिया र रूपरेखा विस्तृत रूपमा प्रस्तुत गरिएको छ।

## दलको विधान, प्रतिबद्धता र उम्मेदवार छनोट रूपरेखा

राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो विधानको भाग १९ :लिडरशिप एकेडेमी र उम्मेदवार क्लब तथा भाग २०: प्रारम्भिक निर्वाचन र निर्वाचित जनप्रतिनिधि  को मर्मलाई आत्मसात् गर्दै आगामी निर्वाचनका लागि वैज्ञानिक, वस्तुपरक, पारदर्शी र सहभागितामूलक उम्मेदवार छनोटको रूपरेखा तयार पारेको छ। यस विधिको मूल उद्देश्य पार्टीका मूल्य–मान्यता, सिद्धान्त, आदर्श र सार्वजनिक प्रतिबद्धतालाई केन्द्रमा राख्दै सम्बन्धित निर्वाचन क्षेत्रको जनअपेक्षा सम्बोधन गर्न सक्ने, स्थानीय आवश्यकतालाई राष्ट्रिय दृष्टिसँग जोड्न सक्ने र राष्ट्रिय नेतृत्वसँग प्रभावकारी सहकार्य गर्न सक्ने सक्षम नेतृत्वको पहिचान, मूल्याङ्कन तथा सिफारिस गर्नु हो। यस अभ्यासबाट पार्टीभित्रको आन्तरिक लोकतन्त्र सुदृढ हुने, निर्वाचनमा पार्टीको प्रतिस्पर्धात्मक क्षमता बढ्ने र जनविश्वास थप अभिवृद्धि हुने अपेक्षा गरिएको छ।

स्थापनाकालदेखि नै रास्वपाले समाजका सबै तह र तप्काका नागरिकको सहज पहुँच हुने लोकतान्त्रिक, समावेशी र उत्तरदायी दल बन्ने सार्वजनिक प्रतिबद्धता जनाउँदै आएको छ। २०६२/६३ को जनआन्दोलनदेखि हालैको 'जेन–जी' पुस्ताको विद्रोहसम्मको पृष्ठभूमि हेर्दा राजनीतिक दलहरूमा आम नागरिकको पहुँच टुट्नु, निर्णय प्रक्रिया सीमित घेरामा कैद हुनु, र जनताको अपेक्षा तथा दलको व्यवहारबीच गहिरो दूरी बढ्नु नै असन्तुष्टिको प्रमुख कारणमध्ये एक रहेको देखिन्छ। विगतका आन्दोलनहरू, नयाँ पुस्ताको चेतना र नागरिकले समय–समयमा दिएको परिवर्तनको जनादेशलाई सम्बोधन गर्न सक्ने गरी रास्वपा लोकतान्त्रिक तथा उदार मूल्य–मान्यता, पारदर्शिता, जवाफदेहिता र विधिको शासनको बलियो जगमा विस्तारित हुनुपर्छ भन्ने मान्यताका साथ यो रूपरेखा तय गरिएको हो।
नेपाली राजनीतिमा सबैभन्दा धेरै दुरुपयोग भएको र विकृत बनेको क्षेत्रमध्ये उम्मेदवार चयन प्रक्रिया एक हो। अन्तिम समयमा मात्र उम्मेदवार घोषणा हुने, बन्द कोठाभित्रको सानो घेराबाट निर्णय लिइने, शक्तिसन्तुलनको अनुचित खेल हुने, नातासम्बन्ध, पहुँच, चाकडी, गुटगत प्रभाव, आर्थिक हैसियत तथा पैसा र बाहुबली(मनी र मसल) को डरलाग्दो प्रभाव पर्ने प्रवृत्तिले उम्मेदवार छनोटमा जनताको मन जित्नेहरू होइन, शक्तिकेन्द्रलाई रिझाउनेहरू हावी भए। परिणामस्वरूप, स्थानीय तहले सही अर्थमा सरकारको अनुभूति दिन सकेनन् भने धेरै पालिकाहरूले आफ्नो सम्भावनालाई यथार्थमा बदल्न चुके।

यही परिप्रेक्ष्यमा रास्वपाले "फरक राजनीति चर्का भाषणमा होइन, आन्तरिक सुशासनमा देखिनुपर्छ" भन्ने मान्यतालाई दृढतापूर्वक आत्मसात् गरेको छ। विगतका विशेष परिस्थितिमा समेत प्रत्यक्ष र समानुपातिक उम्मेदवार छनोटलाई सकेसम्म वैज्ञानिक, खुला र प्रतिस्पर्धात्मक बनाउने प्रयास गरेको पार्टीले अबका दिनमा पूर्णतः विधि, पद्धति र प्रमाणमा आधारित मार्ग अवलम्बन गर्ने नीति लिएको छ। हाम्रो विश्वास स्पष्ट छ;उम्मेदवार नेताको

निगाहबाट होइन, जनताको भरोसा, पार्टीको मूल्य, सार्वजनिक आचरण, नेतृत्व क्षमता र संस्थागत मूल्याङ्कनबाट तय हुनुपर्छ।

केन्द्र, प्रदेश र स्थानीय तह एकअर्काका परिपूरकका रूपमा अघि बढ्न सकून् भन्ने हेतुले विगतका कमजोरीबाट सिक्दै यो रूपरेखा निर्माण गरिएको हो। स्थानीय सरकार नागरिकको दैनिक जीवनसँग सबैभन्दा नजिकको सरकार भएकाले त्यहाँको नेतृत्व केवल चुनाव जित्ने पात्र मात्र होइन, सेवा प्रवाह सुधार्ने, सुशासन कायम गर्ने, स्थानीय अर्थतन्त्र चलायमान बनाउने, नागरिक सहभागिता बढाउने र संघीय लोकतान्त्रिक गणतन्त्रलाई जनताको घरदैलोमा अनुभूत गराउने नेतृत्व हुनुपर्छ। त्यसैले रास्वपाले स्थानीय तहका उम्मेदवार छनोटलाई सामान्य निर्वाचन व्यवस्थापनको विषय मात्र नभई, राज्य पुनर्निर्माणको आधारभूत राजनीतिक प्रक्रिया मानेको छ।

यस रूपरेखाले महिला, दलित, सीमान्तकृत समुदाय, युवा, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएका क्षेत्र, श्रमिक, किसान, उद्यमी, पेशाकर्मी, प्रवासी अनुभव भएका नागरिक तथा समाजका विविध तहका सम्भावनाशील व्यक्तित्वहरूलाई बाध्यात्मक उपस्थिति वा संख्या पुर्‍याउने औपचारिकतामा मात्र सीमित नराखी नेतृत्वदायी भूमिकामा स्थापित गर्ने लक्ष्य राखेको छ। समावेशिता हाम्रो लागि सजावट होइन, लोकतान्त्रिक न्यायको आधार हो। त्यसैले सबै समावेशी समूहहरूको पूर्ण सम्मान गर्दै समाजको वास्तविक बहुविविधता प्रतिविम्बित हुने, सामाजिक रूपमा स्वीकार्य, स्थानीय रूपमा जरा गाडेको, नैतिक रूपमा स्वच्छ, क्षमताका आधारमा प्रतिस्पर्धी र विजयको बलियो सम्भावना भएका व्यक्तित्वहरूलाई अघि सार्नु हाम्रो प्राथमिकता हुनेछ।

उम्मेदवार छनोटको यो विधि उन्नत लोकतन्त्रका विश्वव्यापी अभ्यास, सहभागितामूलक लोकतन्त्रप्रतिको रास्वपाको प्रतिबद्धता र नेपाली समाजको आफ्नै राजनीतिक अनुभवको जगमा उभिएको छ। लोकतन्त्रप्रतिको निष्ठा केवल संविधान, घोषणापत्र वा सार्वजनिक भाषणबाट होइन, दलभित्र हुने निर्णय प्रक्रियाबाट प्रमाणित हुन्छ भन्ने हाम्रो दृढ विश्वास छ। त्यसैले "किन त्यो नभएर यो उम्मेदवार छानियो?" भन्ने नागरिकको प्रश्नको जवाफ भावना, प्रभाव वा नेतृत्वको व्यक्तिगत निर्णयबाट होइन, विधिको जगमा प्राप्त प्रमाण, मूल्याङ्कन, दस्तावेज र प्रक्रियाबाट दिन सकिने गरी हामी आफ्नै विधिबाट निर्देशित हुन तयार छौँ।

यो प्रक्रिया आफैँमा पूर्णताको घोषणा होइन; सुधारतर्फको संस्थागत यात्रा हो। एउटा सामूहिक संस्थाका रूपमा यसको अभ्यास गर्ने क्रममा यदाकदा कमीकमजोरी हुन सक्छन्। तर असल नियतका साथ भएका त्रुटिहरूलाई स्वीकार्ने, रचनात्मक सुझावहरू ग्रहण गर्ने, कमजोरी सच्याउने र प्रत्येक निर्वाचन चक्रसँगै प्रक्रियालाई थप परिष्कृत बनाउँदै लैजाने साहस नै रास्वपाको राजनीतिक संस्कार हुनेछ। दलको आन्तरिक लोकतन्त्र सुदृढीकरण, दलप्रति आस्थावान् हरेक नागरिकलाई उम्मेदवारी प्रक्रियामा समान अवसरको सुनिश्चितता, योग्यताको सम्मान, समावेशिताको संरक्षण, जनमतप्रतिको जवाफदेहिता र निरन्तर सुधारप्रतिको प्रतिबद्धता नै हाम्रो लोकतान्त्रिक चरित्रको मूल प्रस्थानबिन्दु हो।

# उम्मेदवार छनोट रूपरेखाका विशिष्ट उद्देश्यहरू

### १. वैज्ञानिक र वस्तुपरक छनोट प्रणाली स्थापना गर्ने

उम्मेदवार छनोटको समग्र रूपरेखालाई भावना, पहुँच, प्रभाव वा व्यक्तिगत लहडमा नभई तथ्य, स्पष्ट मापदण्ड, प्रमाण र मापनयोग्य आधारहरूमा टेकेर वैज्ञानिक तथा वस्तुपरक बनाउने।

### २. पूर्ण दस्तावेजीकरण र पारदर्शिता सुनिश्चित गर्ने

कुनै पनि उम्मेदवार कसरी, कुन आधारमा र कुन प्रक्रियाबाट छानियो भन्ने कुरा भविष्यमा जोकोहीले पनि स्पष्ट रूपमा हेर्न, बुझ्न र परीक्षण गर्न सक्ने गरी छनोटका सम्पूर्ण चरण, मूल्याङ्कन, सिफारिस र निर्णय प्रक्रियाहरूको अनिवार्य तथा व्यवस्थित दस्तावेजीकरण गर्ने।

### ३. उचित मूल्याङ्कन र योग्य नेतृत्वको सुनिश्चितता गर्ने

पार्टी निर्माणमा निरन्तर योगदान पुर्‍याएका निष्ठावान् सदस्यहरू तथा समाजका विभिन्न क्षेत्रमा अब्बल साबित भएका विज्ञ, अनुभवी, ऊर्जावान् र जनविश्वास प्राप्त व्यक्तिहरूको सन्तुलित तथा न्यायोचित मूल्याङ्कन गर्दै 'सही तरिकाले, सही ठाउँमा, सही व्यक्ति' छान्ने परिपाटी स्थापित गर्ने।

### ४. नेतृत्व विकास र अनिवार्य पूर्व–तयारी संस्थागत गर्ने

उम्मेदवार छनोट प्रक्रियामा प्रवेश गर्नुपूर्व सम्पूर्ण आकांक्षीहरूलाई स्थानीय शासन, जनसेवा, नीति–निर्माण, सुशासन, सार्वजनिक वित्त, नागरिक सहभागिता र बहुआयामिक नेतृत्वका पक्षहरूमा पार्टीकै संयन्त्रमार्फत प्रशिक्षित गराई भावी जिम्मेवारीका लागि तयार गर्ने कुरालाई अनिवार्य बनाउने।

### ५. स्थानीय आवश्यकता र प्रभावकारी सेवा प्रवाहमा केन्द्रित नेतृत्व पहिचान गर्ने

स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृतिक तथा पूर्वाधारगत आवश्यकता बुझेका, जनस्तरमा भिजेका र स्थानीय स्रोतसाधनको अधिकतम परिचालनमार्फत नागरिकलाई प्रभावकारी सेवा प्रवाह गर्न सक्ने जनउत्तरदायी उम्मेदवारको पहिचान गर्ने।

### ६. आन्तरिक लोकतन्त्रको सुदृढीकरण गर्ने

वडादेखि पालिकास्तरसम्मका समितिहरूको अधिकार र जिम्मेवारीलाई सन्तुलित गर्दै पार्टीभित्र तल्लो तहबाटै लोकतान्त्रिक, सहभागितामूलक र प्रतिस्पर्धात्मक अभ्यासलाई बलियो बनाउने।

### ७. समान अवसर र समावेशी प्रतिनिधित्व सुनिश्चित गर्ने

महिला, दलित, जनजाति, मधेसी, थारू, मुस्लिम, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, युवा, पिछडिएको क्षेत्र, श्रमिक, किसान, उद्यमी, पेशाकर्मी तथा समाजका विविध तहका नागरिकहरूलाई उम्मेदवारी प्रक्रियामा समान अवसर उपलब्ध गराउँदै समाजको वास्तविक बहुविविधता प्रतिविम्बित हुने नेतृत्व निर्माण गर्ने।

## ८. निष्ठा, नैतिकता र सार्वजनिक आचरणलाई छनोटको आधार बनाउने

उम्मेदवारको लोकप्रियता वा चुनावी सम्भावनालाई मात्र नभई उसको सार्वजनिक आचरण, इमानदारी, वित्तीय पारदर्शिता, स्वार्थको द्वन्द्वबाट मुक्त अवस्था, कानुनी तथा सामाजिक विश्वसनीयता र लोकतान्त्रिक संस्कारलाई पनि मूल्याङ्कनको महत्त्वपूर्ण आधार बनाउने।

## ९. स्थानीय लोकप्रियता र निर्वाचन जित्ने क्षमताको परीक्षण गर्ने

सम्बन्धित क्षेत्रका पार्टी सदस्य, स्थानीय संरचना, समुदाय र नागरिकसँग उम्मेदवारको सम्बन्ध, स्वीकार्यता, जनविश्वास, संगठनात्मक क्षमता र निर्वाचनमा प्रतिस्पर्धा गर्न सक्ने वास्तविक सम्भावनाको परीक्षण गर्ने।

## १०. नेता केन्द्रित होइन, विधि केन्द्रित निर्णय संस्कृति विकास गर्ने

उम्मेदवार छनोटलाई कुनै व्यक्ति, गुट, पहुँच वा नेतृत्वको व्यक्तिगत चाहनामा निर्भर नराखी स्पष्ट प्रक्रिया, संस्थागत मूल्याङ्कन, पारदर्शी सिफारिस र लोकतान्त्रिक प्रतिस्पर्धामा आधारित बनाउने।

## ११. स्थानीय सरकारलाई परिणाममुखी बनाउने नेतृत्व तयार गर्ने

छानिने उम्मेदवार केवल निर्वाचन लड्ने व्यक्ति मात्र नभई निर्वाचित भएपछि स्थानीय सरकारलाई सुशासन, सेवा प्रवाह, आर्थिक विकास, सामाजिक न्याय, पूर्वाधार, शिक्षा, स्वास्थ्य, वातावरण र नागरिक सहभागिताका क्षेत्रमा परिणाममुखी रूपमा अघि बढाउन सक्ने नेतृत्व होस् भन्ने सुनिश्चित गर्ने।

## १२. पार्टीको मूल्य-मान्यता र राष्ट्रिय दृष्टिसँग स्थानीय नेतृत्वलाई जोड्ने

स्थानीय तहका उम्मेदवारहरू पार्टीको मूल सिद्धान्त, राष्ट्रिय दृष्टि, नीति, प्रतिबद्धता र सुशासनको एजेन्डासँग स्पष्ट रूपमा जोडिएका, तर स्थानीय आवश्यकता र सम्भावनालाई समेत गहिरोसँग बुझेका नेतृत्वका रूपमा विकास गर्ने।

## १३. निरन्तर सुधार र संस्थागत सिकाइको प्रणाली विकास गर्ने

प्रत्येक निर्वाचन चक्रपछि उम्मेदवार छनोट प्रक्रियाको समीक्षा, मूल्याङ्कन, कमजोरी पहिचान र सुधार गर्दै जाने व्यवस्था मिलाई पार्टीभित्र दीर्घकालीन संस्थागत सिकाइ र परिष्कृत लोकतान्त्रिक अभ्यासको संस्कार विकास गर्ने।

# भाग लिने निर्वाचन प्रणाली

राज्यका सबै तह र संरचनाहरू चुस्त, प्रभावकारी, मितव्ययी र नागरिक उत्तरदायी हुँदै नागरिकलाई सुशासनको प्रत्याभूति दिनुपर्छ भन्ने विषयमा राष्ट्रिय स्वतन्त्र पार्टी स्पष्ट छ। स्थानीय संरचनाका बहुआयामिक सुधारका लागि पार्टी निरन्तर सार्वजनिक विमर्शमा रहँदै आएको छ। नागरिकको अभिमत, तथ्यगत आवश्यकता र संवैधानिक प्रक्रियाका आधारमा आवश्यक सुधारहरू संविधान संशोधन तथा विधिसम्मत प्रक्रियाबाटै सुनिश्चित गरिनुपर्छ भन्ने पार्टीको मान्यता छ।

यस नीतिगत स्पष्टताका साथ, नेपालको वर्तमान संविधान र प्रचलित निर्वाचन कानुनको दायराभित्र रहेर राष्ट्रिय स्वतन्त्र पार्टी स्थानीय तहको निर्वाचनमा सहभागिता जनाउनेछ।

स्थानीय तह निर्वाचनअन्तर्गत गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकामा प्रत्यक्ष मतदानमार्फत जनप्रतिनिधिहरू निर्वाचित हुन्छन्। यस संरचनाअन्तर्गत निर्वाचन हुने मुख्य पदहरूलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ:

| | | |
|---|---|---|
| १. गाउँपालिका<br>अध्यक्ष<br>उपाध्यक्ष | २. नगरपालिका / उपमहानगरपालिका / महानगरपालिका<br>मेयर<br>उपमेयर | ३. वडा तह<br>वडा अध्यक्ष: १ जना<br>महिला वडा सदस्य: १ जना<br>दलित महिला वडा सदस्य: १ जना<br>खुला वडा सदस्य: २ जना |

यसरी प्रत्येक मतदाताले स्थानीय तहको निर्वाचनमा आफ्नो पालिकाको प्रमुख/उपप्रमुख वा अध्यक्ष/उपाध्यक्ष, आफ्नो वडाको अध्यक्ष र ४ जना वडा सदस्य गरी जम्मा ७ वटा पदका लागि मतदान गर्छन्।






यसै संरचनाभित्र रहेर राष्ट्रिय स्वतन्त्र पार्टीले आगामी स्थानीय तह निर्वाचनमा उम्मेदवार छनोट, नेतृत्व विकास, प्रारम्भिक निर्वाचन, समावेशी प्रतिनिधित्व र जनउत्तरदायी नेतृत्व निर्माणको प्रक्रिया अघि बढाउनेछ।

## स्थानीय निर्वाचन: उम्मेदवार छनोटको आधारभूत प्रारूप

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का तर्फबाट स्थानीय तहको निर्वाचनमा उम्मेदवार बन्न चाहने सम्पूर्ण आकांक्षीहरूका लागि योग्यता, क्षमता र पारदर्शी मूल्याङ्कनमा आधारित निम्न प्रक्रिया अनिवार्य गरिएको छ:

| | | |
|---|---|---|
| 'क्यान्डिडेट क्लब' (Candidate Club) मा आवेदन | लिडरसिप एकेडेमीमा प्रशिक्षण | छनोट रूपरेखामा आधारित परीक्षण |

### १. 'क्यान्डिडेट क्लब' (Candidate Club) मा आवेदन

उम्मेदवार बन्न इच्छुक कुनै पनि व्यक्तिले सर्वप्रथम पार्टीको क्यान्डिडेट क्लबमा औपचारिक आवेदन दर्ता गर्नुपर्नेछ। यस प्रारम्भिक चरणमा आकांक्षीहरूको व्यक्तिगत पृष्ठभूमि, विज्ञता र आधारभूत योग्यताको तथ्याङ्क सङ्कलन तथा परीक्षण गरिनेछ।

**स्थानीय निर्वाचनलाई लक्षित गरी दुई किसिमका क्यान्डिडेट क्लबहरू गठन हुनेछन्:**

| | |
|---|---|
| **क. पालिका क्यान्डिडेट क्लब:**<br>यसमा पालिकाका प्रमुख/मेयर, उपप्रमुख/उपमेयर, अध्यक्ष र उपाध्यक्ष पदका आकांक्षीहरूले आवेदन दिनेछन्। | **ख. वडा क्यान्डिडेट क्लब:**<br>यसमा वडा अध्यक्ष र वडा सदस्य पदका आकांक्षीहरूले आवेदन दिनेछन्। |

**नोट:** माथि उल्लेखित पालिका र वडा क्यान्डिडेट क्लबको आवेदन प्रक्रिया आवश्यकता र परिस्थितिअनुसार एकैपटक वा फरक–फरक समयमा सुरु हुन सक्नेछ।

## क्यान्डिडेट क्लबमा सहभागी हुन चाहिने योग्यता

नेपालको संविधान, स्थानीय तह निर्वाचन ऐन, राष्ट्रिय स्वतन्त्र पार्टीको विधान र स्थानीय उम्मेदवार छनोटका विश्वव्यापी मान्यतालाई आधार बनाई यो दस्तावेजले निम्न योग्यताहरूलाई अनिवार्य सर्तका रूपमा राखेको छ:

### १. संवैधानिक तथा कानुनी योग्यता

**नागरिकता र उमेर:** नेपाली नागरिक भएको र उम्मेदवारी दिने दिनसम्म २१ वर्ष उमेर पूरा भएको।

**मतदाता नामावली:** उम्मेदवार हुन चाहेको सम्बन्धित गाउँपालिका, नगरपालिका वा वडाको अन्तिम मतदाता नामावलीमा नाम दर्ता भएको।
**कानुनी रूपमा योग्य:** प्रचलित कानुनबमोजिम अयोग्य नभएको।

**स्थानीय तह निर्वाचन ऐनअनुसार उम्मेदवारको अयोग्यता**

स्थानीय तह निर्वाचन ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्ति निर्वाचनमा उम्मेदवार हुन अयोग्य मानिनेछ:
(क) स्थानीय तह निर्वाचन ऐनको दफा १२ बमोजिमको योग्यता नभएको,
(ख) गैरनेपाली नागरिक,
(ग) नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको,
(घ) कुनै स्थानीय तह वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको,
***स्पष्टीकरण:*** *यस खण्डको प्रयोजनका लागि "स्थानीय तह" भन्नाले यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका गाउँ विकास समिति, नगरपालिका वा जिल्ला विकास समितिलाई समेत जनाउँछ।*

(ङ) निर्वाचनसम्बन्धी प्रचलित कानुनबमोजिम सजाय पाई त्यस्तो सजाय भोगेको मितिले दुई वर्ष पूरा नभएको,
(च) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागूऔषध बिक्री–वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाई वा कुनै कसुरमा जन्मकैद वा बीस वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको,
(छ) सङ्गठित अपराधसम्बन्धी कसुरमा कैदको सजाय पाई वा कर्तव्य ज्यानसम्बन्धी कसुरमा बीस वर्षभन्दा कम कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको,
(ज) जातीय भेदभाव तथा छुवाछुत, बोक्सी वा बहुविवाहसम्बन्धी कसुरमा कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले तीन वर्ष पूरा नभएको,
(झ) खण्ड (च) र (छ) मा उल्लिखित कसुरबाहेक अन्य कसुरमा पाँच वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको,
(ञ) प्रचलित कानुनबमोजिम कालोसूचीमा रहेकोमा सो अवधिभर,
(ट) कैदमा बसेकोमा कैद बसेको अवधिभर,
(ठ) मानसिक सन्तुलन ठीक नभएको,
(ड) प्रचलित कानुनबमोजिम अयोग्य रहेको।

## २. पार्टीको विधानबमोजिमका योग्यता

**वैचारिक प्रतिबद्धता:** सुशासन, पारदर्शिता र नागरिक उत्तरदायित्वको मूल मर्मलाई आत्मसात् गर्दै पार्टीको विधान, प्रस्तावना र पार्टीका मूल्य–मान्यता प्रस्ट्याउने अन्य आधिकारिक दस्तावेजहरूप्रति पूर्ण रूपमा प्रतिबद्ध रहेको।

**अन्य दलको सदस्यता त्याग गरेको:** राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवार बन्नुपूर्व अन्य कुनै पनि राजनीतिक दलको सदस्य नरहेको वा त्यस्तो सदस्यता विधिवत् रूपमा त्याग गरिसकेको।

**तथ्यगत र समयबद्ध परिणामप्रति सङ्कल्प:** वस्तुगत कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा सामेल हुन तयार रहँदै, उम्मेदवार छनोट प्रक्रियामा पूर्ण रूपमा सहभागी हुन मञ्जुर रहेको।

**दस्तावेज प्रस्तुत गर्न मञ्जुर रहेको:** पार्टीको विधान र कार्यविधिले माग गरेबमोजिमका अनिवार्य कागजातहरू, जस्तै: अद्यावधिक सम्पत्ति विवरण, प्रहरी चारित्रिक प्रमाणपत्र आदि मागिएका बखत विधिवत् रूपमा प्रस्तुत गर्न मञ्जुर रहेको।

## ३. थप प्रणालीगत योग्यता तथा अनिवार्य स्वघोषणा

क्यान्डिडेट क्लब आवेदनका लागि स्थानीय तह निर्वाचन ऐनले निर्दिष्ट गरेका कानुनी र विधानले तोकेका योग्यताबाहेक आकांक्षीले निम्न विषयहरूमा स्पष्ट प्रमाण वा स्वघोषणा पेस गर्नुपर्नेछ:

**शैक्षिक प्रमाणपत्रको प्रमाणीकरण:** आफूले आवेदनमा पेस गरेका सम्पूर्ण शैक्षिक विवरण र प्रमाणपत्रहरू पूर्णतः सक्कली रहेको र पार्टीको संयन्त्र वा सम्बन्धित निकायले जुनसुकै बेला प्रमाणीकरण गर्दा सही ठहरिने स्वघोषणा।

**वैवाहिक अवस्थाको कानुनी स्पष्टता:** आफ्नो पारिवारिक र वैवाहिक अवस्था कानुनी रूपमा पूर्णतः वैध र स्पष्ट रहेको तथा यससम्बन्धी कुनै पनि प्रकारको लुकाइएको वा विवादित अवस्था नरहेको स्वघोषणा।

**दुर्व्यवहार तथा डिजिटल अपराधः** कानुनी रूपमा प्रमाणित नभएको अवस्थामा पनि कुनै प्रकारको घरेलु हिंसा, यौनजन्य दुर्व्यवहार वा सार्वजनिक स्थलमा अमर्यादित व्यवहारमा संलग्न नरहेको। साथै, सामाजिक सञ्जालको दुरुपयोग गरी साइबर बुलिङ (Cyberbullying), चरित्र हत्या, अनलाइन ठगी वा अन्य कुनै पनि प्रकारको डिजिटल दुर्व्यवहारमा आफ्नो संलग्नता नरहेको स्पष्ट स्वघोषणा।

**वित्तीय तथा आर्थिक शुद्धता:** समाजमा मिटरब्याज, सट्टेबाजी, हप्ताअसुली, ढुकुटी, हुन्डी वा सहकारी संस्थाको बचत अपचलनजस्ता कुनै पनि प्रकारका अनौपचारिक तथा अवैध आर्थिक कारोबारमा प्रत्यक्ष वा परोक्ष रूपमा संलग्न नरहेको स्वघोषणा।

**स्वार्थ बाझिने अवस्था:** आफूले उम्मेदवारी दिन चाहेको पालिका वा वडाअन्तर्गत सञ्चालित कुनै पनि विकास निर्माण, ठेक्कापट्टा, खरिद प्रक्रिया, उपभोक्ता समिति वा सार्वजनिक आपूर्तिमा आफ्नो वा एकाघरको परिवारको स्वामित्वमा रहेको व्यावसायिक फर्मको प्रत्यक्ष संलग्नता अर्थात् स्वार्थ बाझिने अवस्था विद्यमान भए वा नभएको यथार्थ विवरण खुलाएको स्वघोषणा।

**विचाराधीन मुद्दा तथा कानुनी विवादको स्पष्टता:** अदालत, अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा अन्य कुनै पनि न्यायिक/अर्धन्यायिक निकायमा आफ्नो विरुद्ध कुनै पनि प्रकारको फौजदारी, भ्रष्टाचार, ठगी वा गम्भीर प्रकृतिको देवानी मुद्दा विचाराधीन अवस्थामा रहे/नरहेको स्पष्ट विवरण खुलाएको

## पुनश्चः

**१. सङ्घ र स्थानीय तहको दोहोरो प्रक्रियामा रोक:**

पार्टीको प्रणालीगत शुद्धता कायम राख्न एउटै निर्वाचन चक्रभित्र सङ्घीय निर्वाचन अर्थात् प्रतिनिधिसभा सदस्य निर्वाचनको उम्मेदवार छनोट प्रक्रियामा सहभागी भइसकेका व्यक्तिहरू सोही चक्रको स्थानीय तह निर्वाचनको उम्मेदवार छनोट प्रक्रियामा सहभागी हुन पाउने छैनन्।

**२. स्थानीय तहको निर्वाचनको उम्मेदवार छनोट प्रक्रियामा सहभागी हुनेहरूको प्रदेश तहको उम्मेदवार छनोट प्रक्रियामा सहभागिताबारे:**

क. पार्टीको आन्तरिक उम्मेदवार छनोट प्रक्रियाबाट आधिकारिक रूपमा छनोट भई स्थानीय तहको निर्वाचनमा उम्मेदवार बनेर पराजित भएका व्यक्तिहरूले सोही निर्वाचन चक्रभित्र हुने प्रदेश सभा सदस्य निर्वाचनको उम्मेदवार छनोट प्रक्रियामा सहभागी हुन पाउने छैनन्।

ख. वडा तहको उम्मेदवार छनोट प्रक्रियामा सहभागी भएका व्यक्तिहरूले सोही निर्वाचन चक्रभित्र हुने प्रदेश सभा सदस्य निर्वाचनको उम्मेदवार छनोट प्रक्रियामा सहभागी हुन पाउने छैनन्।

## कुलिङ पिरियड (Cooling Period) तथा विशेष प्रवेश (Lateral Entry) सम्बन्धी व्यवस्था

क्यान्डिडेट क्लबमा आवेदन दिन चाहने आकांक्षीहरूको हकमा पार्टी सदस्यता प्राप्त गरेको समयावधिका आधारमा निम्नानुसारको कुलिङ पिरियड लागू हुनेछ:

### क. कुलिङ पिरियडको सामान्य नियम

**१. पहिलो राजनीतिक आबद्धता भएको व्यक्तिको हकमा:**

आफ्नो जीवनकालमै पहिलोपटक कुनै राजनीतिक दलको सदस्य बनेको अर्थात् राष्ट्रिय स्वतन्त्र पार्टी नै पहिलो राजनीतिक दल रहेको व्यक्तिको हकमा पार्टी सदस्यता प्राप्त गरेको कम्तीमा ४५ दिन पूरा भएको हुनुपर्नेछ।

**२. अन्य दलबाट प्रवेश गरेको व्यक्तिको हकमा:**

अन्य राजनीतिक दल त्याग गरी राष्ट्रिय स्वतन्त्र पार्टीको सदस्यता लिएको व्यक्तिको हकमा पार्टी सदस्यता प्राप्त गरेको कम्तीमा ९० दिन पूरा भएको हुनुपर्नेछ।

### ख. विशेष परिस्थितिमा ल्याटरल इन्ट्री (Lateral Entry) सम्बन्धी व्यवस्था

विशेष परिस्थितिमा समाजका प्रतिष्ठित, विज्ञ, सार्वजनिक रूपमा स्वच्छ छवि भएका वा पार्टीलाई आवश्यक पर्ने विशेष क्षमता भएका व्यक्तिहरूलाई कुलिङ पिरियडको अवधि पूरा नभए पनि ल्याटरल इन्ट्री मार्फत क्यान्डिडेट क्लबमा आवेदन दिन अनुमति दिन सकिनेछ। यसका लागि पद र तहअनुसार निम्न औपचारिक लिखित सहमति अनिवार्य हुनेछ:

**१. वडा तहको हकमा:**

वडा अध्यक्ष र वडा सदस्य पदका लागि वडा क्यान्डिडेट क्लबमा आवेदन दिन सम्बन्धित पालिका समिति र जिल्ला समितिको औपचारिक लिखित सहमति अनिवार्य हुनेछ।

**२. गाउँपालिका तथा नगरपालिका तहको हकमा:**

गाउँपालिकाका अध्यक्ष/उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख/उपप्रमुख अर्थात् मेयर/उपमेयर पदका लागि पालिका क्यान्डिडेट क्लबमा आवेदन दिन सम्बन्धित जिल्ला समिति र प्रदेश समितिको औपचारिक लिखित सहमति अनिवार्य हुनेछ।

**३. उपमहानगरपालिका तथा महानगरपालिका तहको हकमा:**

उपमहानगरपालिका र महानगरपालिकाका प्रमुख/उपप्रमुख अर्थात् मेयर/उपमेयर पदका लागि पालिका क्यान्डिडेट क्लबमा आवेदन दिन केन्द्रीय समितिको औपचारिक लिखित सहमति अनिवार्य हुनेछ।

## ल्याटरल इन्ट्रीमार्फत आवेदन दिनेहरूका लागि अनिवार्य सर्त (No Exemption from Process)

माथि उल्लेखित ल्याटरल इन्ट्रीको व्यवस्थाले केवल कुलिङ पिरियडको समयावधिमा मात्र छुट दिनेछ। यस विशेष व्यवस्थाअन्तर्गत आवेदन दिने जो–कोही व्यक्तिका लागि पनि पार्टीको लिडरसिप एकेडेमी (Leadership Academy) को प्रशिक्षण तथा उम्मेदवार छनोट प्रक्रियामा सहभागिता अनिवार्य रहनेछ।

## उम्मेदवार परीक्षण तथा छनोटका आधारहरू

निर्वाचनमा पार्टीको प्रतिनिधित्वलाई तथ्यमा आधारित, पारदर्शी र वैज्ञानिक बनाउन उम्मेदवार छनोटका मापदण्डहरू पूर्णतः स्पष्ट र मापनयोग्य बनाउनु आवश्यक छ। तह र प्रकृतिअनुरूप कारक मूल्याङ्कन विधि (Factor Rating Method) को प्रयोग गरी विभिन्न मापदण्डहरूलाई निश्चित भाराङ्क (Weightage) प्रदान गरिनेछ। उम्मेदवारको अन्तिम चयन तिनै निर्धारित मापदण्डका सूचकहरूमा उम्मेदवारले प्राप्त गरेको कुल प्राप्ताङ्कको समष्टिका आधारमा गरिनेछ।

यस छनोट प्रक्रियालाई थप व्यवस्थित र उत्तरदायी बनाउन केन्द्रीय समितिद्वारा अनुमोदित विशेष परिस्थितिमा बाहेक चारवटा मूल मापदण्डहरूलाई अनिवार्य गरिएको छ। यसअन्तर्गत निम्न चार आधारहरू उम्मेदवार छनोटका अपरिहार्य मार्गनिर्देशक सिद्धान्त र अनिवार्य सर्तका रूपमा लागू हुनेछन्:

| क्रम | मुख्य पक्ष |
|---|---|
| १ | लिडरशिप एकेडेमी |
| २ | पोलिटिकल प्रोक्सिमिटी |
| ३ | समावेशीता |
| ४ | प्रारम्भिक निर्वाचन |

## १. लिडरसिप एकेडेमी: नेतृत्व परीक्षण तथा वैचारिक स्पष्टता (भाराङ्क: २५%)

उम्मेदवार छनोटलाई केवल प्राविधिक प्रक्रियामा मात्र सीमित नराखी वैचारिक र व्यावहारिक रूपमा सक्षम नेतृत्व निर्माणको आधार बनाउन समग्र मूल्याङ्कन प्रणालीमा लिडरसिप एकेडेमी (Leadership Academy) को नतिजालाई २५ प्रतिशत भाराङ्क प्रदान गरिनेछ। आकांक्षीले यस खण्डका विभिन्न सूचकहरूमा प्राप्त गरेको कुल प्राप्ताङ्कलाई ०.२५ ले गुणन गरी समग्र उम्मेदवार छनोटको २५ प्रतिशत भाराङ्क (Weightage) अन्तर्गत अन्तिम नतिजामा समावेश गरिनेछ। यसअन्तर्गत निम्न व्यवस्थाहरू लागू हुनेछन्:

### क. अनिवार्य प्रशिक्षण (Mandatory Training Phase):

राजनीतिक संस्कार, नीतिगत स्पष्टता, जनसेवा र स्थानीय सुशासनका विविध आयामहरूमा आकांक्षीहरूलाई पूर्वनिर्धारित मोड्युलमार्फत अनिवार्य रूपमा प्रशिक्षित गरिनेछ।

### ख. योग्यताको कसी तथा अनिवार्य छनोट चरण (Mandatory Screening Phase):

क्यान्डिडेट क्लबमार्फत जोडिएका आकांक्षीहरूका लागि यो पहिलो र निर्णायक परीक्षण हुनेछ। एकेडेमीको परीक्षणमा तोकिएको न्यूनतम मापदण्ड पार गरी उत्तीर्ण हुने आकांक्षीहरूले मात्र उम्मेदवार छनोटको आगामी चरण अर्थात् अन्य मापदण्डहरूमा प्रवेश पाउनेछन्। अनुत्तीर्ण हुनेहरू उम्मेदवार छनोटको बाँकी प्रक्रियाबाट स्वतः बाहिरिनेछन्।

### ग. प्राप्ताङ्कको निरन्तरता (Score Carry Forward):

एकेडेमीको मूल्याङ्कन केवल 'उत्तीर्ण वा अनुत्तीर्ण' को कसीमा मात्र सीमित रहने छैन। पार्टीभित्र योग्यता–तन्त्र अर्थात् मेरिटोक्रेसी (Meritocracy) लाई स्थापित गर्न यस परीक्षणमा आकांक्षीले प्राप्त गरेको अङ्कलाई अन्तिम उम्मेदवार छनोटको कुल समष्टिगत मूल्याङ्कनसम्म प्रत्यक्ष रूपमा क्यारी फरवार्ड गरिनेछ।

## स्थानीय निर्वाचन लक्षित लिडरसिप एकेडेमीको पाठ्यक्रम तथा प्रशिक्षण व्यवस्था

क्यान्डिडेट क्लबअनुसार कार्यप्रकृति र क्षेत्राधिकार फरक हुने भएकाले लिडरसिप एकेडेमीको सम्पूर्ण प्रशिक्षण प्रणालीलाई देहायबमोजिमका  खण्डमा वर्गीकरण गरी सञ्चालन गरिनेछ:

(क) आधारभूत तथा अनिवार्य साझा खण्ड : सबै आकांक्षीका लागि
(ख) पद–विशिष्ट प्रशिक्षण खण्ड:  आवेदन दिएको पदअनुसार

## क. आधारभूत तथा अनिवार्य साझा खण्ड (Core Modules)

यस खण्डअन्तर्गत वडा सदस्यदेखि पालिका प्रमुखसम्मका सबै आकांक्षीहरूले अनिवार्य रूपमा देहायका ७ मोड्युलहरूमा प्रशिक्षण प्राप्त गरी तोकिएको योग्यता परीक्षण उत्तीर्ण गर्नुपर्नेछ:

### १. वैचारिक स्पष्टता, संविधान र स्थानीय स्वायत्त शासन

**नेपालको संविधान र सन्निकटताको सिद्धान्त (Constitution of Nepal & Principle of Subsidiarity):** स्थानीय स्वायत्त शासनको विश्वव्यापी मान्यता, मौलिक हक र राज्यका निर्देशक सिद्धान्तहरूको व्यावहारिक बुझाइ।

**पार्टीको राजनीतिक मार्गचित्र, मूल्य–मान्यता र चुनावी वाचापत्र (Manifesto):** पार्टीको राजनीतिक मार्गचित्र, मूल्य–मान्यता र चुनावी वाचापत्रलाई स्थानीय नीति तथा वार्षिक बजेटमा रूपान्तरण गर्ने विधि।

**नैतिक मापदण्ड र मितव्ययिता:** सार्वजनिक पद धारण गरेपश्चात् पालना गर्नुपर्ने कठोर नैतिक मापदण्ड, न्यूनतम सुविधाको प्रयोग अर्थात् मितव्ययिता, र भ्रष्टाचारमा शून्य सहनशीलताको अभ्यास।

### २. कानुनी साक्षरता, असल व्यवस्थापन तथा सम्पदा संरक्षण

**स्थानीय अधिकारको प्रयोग:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहका एकल र साझा अधिकारहरूको प्रयोग।

**सार्वजनिक खरिद र कार्यालय व्यवस्थापन:** सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रयोग, बजेट चुहावट नियन्त्रण र निरन्तर सुधार प्रणाली (Continuous Improvement) मार्फत जनमैत्री कार्यालय व्यवस्थापन।

**सार्वजनिक, प्राकृतिक तथा सांस्कृतिक सम्पदा संरक्षण र संवर्द्धन:** स्थानीय तहभित्रका ऐतिहासिक, सांस्कृतिक र प्राकृतिक सम्पदाहरूको पहिचान, लगत सङ्कलन र सौन्दर्यीकरण गर्ने सीप। यस्ता सम्पदाहरूलाई स्थानीय पहिचान झल्किने हेरिटेज (Heritage) का रूपमा विकास गरी संरक्षण गर्ने र तिनलाई दिगो पर्यटकीय गन्तव्यसँग जोड्ने रणनीतिक योजना तर्जुमा गर्ने विधि।

**अन्तर–तह तथा संस्थागत समन्वय:** पालिकाले छिमेकी पालिका, प्रदेश सरकार र संघीय सरकारसँग गर्नुपर्ने सहकार्य तथा अधिकार क्षेत्रको बुझाइ।

### ३. प्रविधिमैत्री प्रशासन र डिजिटल साक्षरता

**दैनिक कार्यालय सञ्चालनका डिजिटल सीप:** दैनिक कार्यालय सञ्चालनका लागि अनिवार्य मानिने इमेल (Email), वर्ड (Word), एक्सेल (Excel) लगायतका सफ्टवेयरहरूको सञ्चालन सीप।

**राष्ट्रिय ई–गभर्नेन्स प्रणाली र एकीकरण:** नागरिक एप, राष्ट्रिय परिचयपत्र र व्यक्तिगत घटना दर्ता प्रणालीको ज्ञान र सेवाग्राहीलाई यी प्रविधिमार्फत सहजै सेवा लिन सहजीकरण गर्ने सीप।

**डिजिटल सेवा प्रवाह र गुनासो व्यवस्थापन:** सेवाको समयसीमा मापन गर्ने डिजिटल प्रणाली र जनसहभागिता तथा गुनासो व्यवस्थापन गर्ने डिजिटल प्लेटफर्महरूको सञ्चालन।

**साइबर सुरक्षा र कानुन:** सामाजिक सञ्जालको सुरक्षित प्रयोग, साइबर बुलिङको रोकथाम तथा भ्रामक सूचना (Misinformation/Disinformation) पहिचान गर्ने सीप।

**आर्टिफिसियल इन्टेलिजेन्सको उत्तरदायी प्रयोग:** नीतिगत मस्यौदा निर्माण, तथ्याङ्क विश्लेषण र नागरिक सञ्चारमा आर्टिफिसियल इन्टेलिजेन्स (AI) को उत्तरदायी प्रयोग।

## ४. शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, सामाजिक विकास र विपद् व्यवस्थापन

**शिक्षा:** सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर मापन गर्ने सूचकहरू निर्माण गर्ने, विद्यालय व्यवस्थापन समितिलाई जवाफदेही बनाउने, दरबन्दी मिलान गर्ने र प्रविधिमैत्री सिकाइको खाका तयार गर्ने व्यावहारिक विधि।

**स्वास्थ्य:** आधारभूत स्वास्थ्य चौकीको जनशक्ति र उपकरण व्यवस्थापन, अत्यावश्यक औषधिको खरिद तथा भण्डारण चक्र सञ्चालन, र नागरिकलाई स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध गराउने तरिका।

**खानेपानी तथा सरसफाइ:** खानेपानी आयोजनाहरूको दिगो सञ्चालन, पानीको गुणस्तर परीक्षण, सरसफाइ, ढल व्यवस्थापन, फोहोरमैला व्यवस्थापन र उपभोक्ता समितिमार्फत दिगो मर्मतसम्भार कोष खडा गरी व्यवस्थापन गर्ने सीप।

**दिगो विकास र समावेशीकरण:** दिगो विकास लक्ष्यहरूको स्थानीयकरण (Localization of SDGs), बालमैत्री, अपाङ्गतामैत्री तथा लैङ्गिक समानता सुनिश्चित हुने गरी बजेट तर्जुमा र अर्थपूर्ण सहभागिता।

**विपद् व्यवस्थापन:** विपद् पूर्वतयारी योजना (Preparedness Plan) निर्माण, उद्धार तथा राहत वितरण प्रणाली।

## ५. व्यक्तिगत वित्तीय साक्षरता र जीवनशैली व्यवस्थापन

**व्यक्तिगत अर्थतन्त्रको सन्तुलन:** जनप्रतिनिधि स्वयंको व्यक्तिगत अर्थतन्त्र सन्तुलन गर्ने सीप, व्यक्तिगत बजेटिङ र बचतको महत्त्व।

**ऋण व्यवस्थापन र पारदर्शी आर्थिक जीवन:** ऋणको पासो (Debt Trap) बाट बच्ने उपाय र व्यक्तिगत आर्थिक जीवनलाई पारदर्शी तथा विवादरहित बनाउने असल अभ्यासहरू।

### ६. स्थानीय आर्थिक विकास तथा दिगो स्रोत व्यवस्थापन

**स्थानीय सम्भाव्यताको पहिचान:** पालिका वा वडाको विशिष्ट भौगोलिक तथा स्रोत सम्भाव्यता पहिचान गरी आर्थिक विकास रणनीति तर्जुमा गर्ने सीप।

**बजार र आपूर्ति:** उत्पादकदेखि बजारसम्म जोड्ने आपूर्ति शृङ्खला (Supply Chain) को अवधारणा र स्थानीय उत्पादनको ब्रान्डिङ तथा प्रवर्द्धन।

**सहकारी नियमन र व्यवस्थापन:** स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने सहकारी संस्थाहरूको दर्ता, पारदर्शी सञ्चालन, सुशासन, नियमन र जोखिम व्यवस्थापन।

### ७. खुला सरकार, प्रभावकारी सञ्चार तथा जनसम्पर्क

**सूचनाको हक र जवाफदेहिता:** स्वतः प्रकाशन (Proactive Disclosure), सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षण (Social Audit) का विधिहरू।

**प्रभावकारी संवाद र संकट सञ्चार:** नागरिक, सञ्चारमाध्यम र सरोकारवालाहरूसँग गरिने प्रभावकारी संवाद र संकटका बेला अपनाइने सञ्चार रणनीति (Crisis Communication)।

## ख. पद–विशिष्ट प्रशिक्षण खण्ड (Role-Specific Modules)

साझा प्रशिक्षणपश्चात् आकांक्षीहरूले आफूले आवेदन दिएको पदको प्रकृतिका आधारमा देहायबमोजिमका विशिष्टीकृत कार्यशालामा सहभागी हुनुपर्नेछ:

### १. वडा अध्यक्ष तथा सदस्यका आकांक्षीहरूका लागि

**फ्रन्टलाइन प्रशासन:** जन्म, मृत्यु, बसाइँसराइ लगायतका पञ्जीकरण, विपन्नता सिफारिस तथा नागरिक वडापत्रको कार्यान्वयन।

**समुदायस्तरको योजना र न्याय:** आवश्यकताका आधारमा टोल/बस्तीबाट योजना प्राथमिकीकरण गर्ने चरणहरू, विपद्मा पहिलो प्रतिक्रिया, वडातहमा हुने योजनाको कार्यान्वयन र अनुगमन, तथा उत्पन्न हुने साँध–सिमाना तथा घरेलु विवादहरूको मेलमिलाप (Mediation) विधि।

## २. उपप्रमुख / उपाध्यक्ष तहका आकांक्षीहरूका लागि

**न्याय सम्पादन  विशेष अधिकार:** न्यायिक समितिको क्षेत्राधिकार, इजलास सञ्चालन, प्रमाण सङ्कलन, फैसला गर्ने तथा मेलमिलाप गराउने कानुनी प्रक्रिया।

**बजार अनुगमन र उपभोक्ता हित:** स्थानीय बजारको नियमित अनुगमन, मूल्य नियन्त्रण, गुणस्तर मापन र उपभोक्ता अधिकारको सुनिश्चितता।

**अनुगमन र एकद्वार प्रणाली:** बजेट सिलिङ निर्धारण, योजनाहरूको प्रभावकारिता मापन, र गैरसरकारी संघसंस्थाको बजेटलाई पालिकाको प्रणालीमा ल्याउने एकद्वार नीति।

## ३. प्रमुख/अध्यक्ष तहका  आकांक्षीहरूका लागि

**कार्यकारी नेतृत्व र नीति निर्माण:** वार्षिक नीति तथा कार्यक्रम तर्जुमा, आवधिक योजना निर्माण, मध्यमकालीन खर्च संरचना (MTEF) को तर्जुमा, विस्तृत परियोजना प्रतिवेदन (DPR), पालिकाको क्षेत्रगत योजना तथा रणनीतिक गुरुयोजना निर्माण र स्थानीय कानुन तर्जुमा प्रक्रिया।

**भू–उपयोग नीति र पूर्वाधार:** जग्गा वर्गीकरण, भवन निर्माण मापदण्डको पालना र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA/IEE) सहितको दिगो पूर्वाधार निर्माण।

**आन्तरिक आय तथा लगानी प्रवर्द्धन:** नागरिकलाई प्रत्यक्ष आर्थिक भार नथपी नवप्रवर्तनात्मक उपायबाट आन्तरिक आय वृद्धि, स्थानीय स्रोतको ठेक्कापट्टाको पारदर्शी व्यवस्थापन र ठूला सार्वजनिक खरिद प्रक्रियाको नेतृत्व।

**कार्यालय व्यवस्थापन, टिम व्यवस्थापन र द्वन्द्व व्यवस्थापन:** पालिका प्रशासनलाई परिणाममुखी, अनुशासित, सेवामुखी र जवाफदेही बनाउने नेतृत्व सीप। प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख, वडा अध्यक्ष, कर्मचारी, जनप्रतिनिधि र विषयगत समितिहरूबीच प्रभावकारी कार्यविभाजन, समन्वय र परिणाम अनुगमन गर्ने विधि। साथै, कर्मचारी–जनप्रतिनिधि सम्बन्ध, राजनीतिक मतभिन्नता, स्रोत बाँडफाँट, सेवा प्रवाहमा आउने विवाद, समुदायगत असन्तुष्टि र संस्थागत तनावलाई संवाद, मध्यस्थता र विधिसम्मत निर्णय प्रक्रियामार्फत समाधान गर्ने सीप।

**समन्वय एवं साझेदारी:** पालिका नेतृत्वले संघीय सरकार, प्रदेश सरकार, छिमेकी पालिका, जिल्ला समन्वय समिति, विषयगत कार्यालय, निजी क्षेत्र, सहकारी, सामुदायिक संस्था, गैरसरकारी संस्था, विकास साझेदार, प्रवासी समुदाय र स्थानीय नागरिक समूहसँग प्रभावकारी साझेदारी निर्माण गर्ने विधि। स्थानीय प्राथमिकतालाई प्रदेश र संघीय योजनासँग जोड्ने, स्रोत परिचालन गर्ने, साझा परियोजना अघि बढाउने, अन्तरपालिका सहकार्य गर्ने र दीर्घकालीन विकास लक्ष्यका लागि बहुपक्षीय समन्वय प्रणाली निर्माण गर्ने सीप।

## २. पोलिटिकल प्रोक्सिमिटी (भाराङ्क: २५%)

विगतको राजनीतिक पृष्ठभूमि, समाजमा स्थापित जनसम्बन्ध, चारित्रिक धरातल, लोकप्रियता र विजयको सम्भाव्यताको समग्र तथा वस्तुपरक मूल्याङ्कन गर्न यस खण्डलाई अनिवार्य गरिएको छ। यस खण्डको आन्तरिक मूल्याङ्कनलाई कुल १०० पूर्णाङ्कमा विभाजन गरिएको छ। आकांक्षीले यस खण्डका विभिन्न सूचकहरूमा प्राप्त गरेको कुल प्राप्ताङ्कलाई ०.२५ ले गुणन गरी समग्र उम्मेदवार छनोटको २५ प्रतिशत भाराङ्क (Weightage) अन्तर्गत अन्तिम नतिजामा समावेश गरिनेछ। तथ्य, तथ्याङ्क र स्वतन्त्र प्रमाणीकरणका आधारमा देहायबमोजिमका ५ वटा उपखण्डमा १०० पूर्णाङ्कभित्र रही वस्तुपरक मूल्याङ्कन गरिनेछ:

### क. साङ्गठनिक आबद्धता, विगतको भूमिका र अनुशासन (२५ अङ्क)

**पार्टी आबद्धता र सङ्गठन निर्माण:**

पार्टीसँगको निरन्तर र ऐतिहासिक आबद्धता, वडा/पालिका तहमा पार्टीको सङ्गठन विस्तार तथा सदस्यता वृद्धिमा पुर्‍याएको ठोस योगदान।

**विगतको राजनीतिक भूमिका र निर्वाचनमा सहभागिता:**

पार्टीको कुनै पनि तहको समिति वा तोकिएको पदमा रहेर काम गरेको बहुआयामिक अनुभव, उक्त जिम्मेवारी सफलतापूर्वक निर्वाह गरेको प्रमाणित अभिलेख, र विगतका निर्वाचनहरूमा पार्टीका आधिकारिक उम्मेदवारलाई जिताउन खेलेको सक्रिय भूमिका।

**अनुशासन र आचारसंहिता:**

तोकिएको लेभी (Levy) को नियमित भुक्तानी, पार्टीभित्रको आन्तरिक अनुशासन, पदीय मर्यादा र पार्टीको आचारसंहिताको पूर्ण पालना।

### ख. विजयको सम्भाव्यताको वैज्ञानिक मापन (२० अङ्क)

**स्वीकार्यता र तथ्याङ्कीय विश्लेषण:**

पार्टीको परम्परागत मत अर्थात् कोर भोट (Core Vote) सुरक्षित गर्दै स्विङ भोटर (Swing Voters) र तटस्थ मतदाताको मत तान्न सक्ने उम्मेदवारको व्यक्तित्व र जनमत।

**डेमोग्राफिक तादात्म्यता:**

निर्वाचन क्षेत्रको जातीय, भाषिक, सामाजिक, भौगोलिक र जनसाङ्ख्यिक समीकरणसँग उम्मेदवारको तादात्म्यता र प्रभाव।

**वैज्ञानिक प्रक्षेपण:**

आन्तरिक सर्वेक्षण, विगतका मतदान प्रवृत्ति (Voting Trends) र वर्तमान जनमतका आधारमा उक्त उम्मेदवारले निर्वाचन जित्न सक्ने सम्भाव्यता अर्थात् विनिङ प्रोब्याबिलिटी (Winning Probability) को तथ्याङ्क–आधारित वैज्ञानिक मापन।

## ग. जनसम्बन्ध, बहुआयामिक लोकप्रियता र सार्वजनिक आचरण (२० अङ्क)

**बहुआयामिक लोकप्रियता र स्थानीय उपस्थिति:**

निर्वाचन क्षेत्रमै निरन्तर बसोबास गरेको अवस्था, नागरिकको सुखदुःखमा सहजै पहुँचयोग्य (Accessible) भएको यथार्थ, र समाजका विभिन्न वर्ग ; युवा, महिला, ज्येष्ठ नागरिक, पेशाकर्मी, श्रमिक, किसान, उद्यमी तथा सीमान्तकृत समुदाय  माझ उम्मेदवारको बहुआयामिक लोकप्रियता।

**समाज र सामाजिक सञ्जालको आचरण:**

समाजमा प्रस्तुत हुने शैली, बोली–व्यवहार र विशेषगरी सामाजिक सञ्जाल (Social Media) मा प्रस्तुत गर्ने विचार, भाषाको मर्यादा, संयमता र उम्मेदवारले प्रदर्शन गरेको सार्वजनिक आचरण।

**सङ्कटकालीन परोपकार:**

प्राकृतिक विपद् वा सामाजिक सङ्कटका बेला अग्रपङ्क्तिमा रहेर गरेको स्वयंसेवा र सीमान्तकृत वर्गलाई गरेको प्रत्यक्ष सहयोग।

## घ. शैक्षिक, पेसागत तथा भुइँतहको प्रमाणित अनुभव (२० अङ्क)

**वर्तमान रोजगारी तथा पेसागत शुद्धता:**

हाल संलग्न रहेको पेसा, रोजगारी वा व्यवसायमा देखाएको इमानदारी, आर्जन गरेको व्यावसायिक सफलता र उक्त क्षेत्रमा बनाएको स्वच्छ छवि।

**औपचारिक शिक्षा:**

हासिल गरेको औपचारिक शिक्षा वा विशिष्ट तालिम।

**सामुदायिक संस्थाको नेतृत्व:**

विद्यालय व्यवस्थापन समिति, वन उपभोक्ता समूह, खानेपानी समिति, क्लब, गुठी आदि संस्थाहरूको नेतृत्व गरी विवादरहित रूपमा सफल कार्यसम्पादन गरेको प्रमाणित विगत।

### ङ. तटस्थ सामाजिक परीक्षण र स्थापित सदाचार (१५ अङ्क)

**गैरराजनीतिक व्यक्तित्वको राय:**
आकांक्षीले जुन तहमा उम्मेदवारी दिन चाहेको हो, सोही तह वा भूगोलका तटस्थ, गैरराजनीतिक (Non-political) तथा प्रतिष्ठित सामाजिक व्यक्तित्वहरूले उम्मेदवारको विगत र छविबारे दिने स्वतन्त्र राय तथा मूल्याङ्कन।

**स्थापित असल आचरण:**
सार्वजनिक जीवनमा निष्कलङ्क चरित्र, आर्थिक पारदर्शिता, कुनै पनि अनियमिततामा नमुछिएको विगत र समाजमा स्थापित असल आचरण।

**सामाजिक सद्भाव:**
समाजमा मध्यस्थकर्ता (Mediator) का रूपमा विवाद समाधान गर्न खेलेको भूमिका र स्वस्थ प्रतिस्पर्धाको संस्कार।

## ३. समावेशिता (भाराङ्क: १०%)

संविधानले व्यवस्था गरेको समानुपातिक–समावेशी सिद्धान्तलाई केवल कानुनी बाध्यताका रूपमा मात्र नलिई, यसलाई पार्टीको उम्मेदवार छनोट प्रक्रियाको अभिन्न अङ्ग बनाइनेछ। समावेशितालाई परम्परागत जातीय क्लस्टरमा मात्र सीमित नराखी जनसाङ्ख्यिकीय अनुपात, उमेर समूह, लैङ्गिक समानता, अपाङ्गता, भौगोलिक विकटता र सामाजिक–आर्थिक पृष्ठभूमिसहितको बहुआयामिक समावेशिता (Multidimensional Inclusivity) का रूपमा लागू गरिनेछ।

### पूर्वसर्त खण्ड

**राजनीतिक तथा राज्यसत्ताको पूर्व-उपभोग**
यदि उम्मेदवार वा निजको एकाघरको परिवारका सदस्यले यसअघि नै निम्नमध्ये कुनै लाभको पद प्राप्त गरिसकेको छ भने समावेशिताको अङ्क दिइने छैन:

**१. निर्वाचित उच्च राजनीतिक पद**
संघीय संसद्का सदस्य प्रतिनिधि सभा वा राष्ट्रिय सभा , प्रदेश सभा सदस्य, वा स्थानीय तहको प्रमुख/उपप्रमुख अर्थात् गाउँपालिका अध्यक्ष/उपाध्यक्ष वा नगरपालिका प्रमुख/उपप्रमुख पदमा निर्वाचित भइसकेको अवस्थामा।

**२. कार्यपालिका तथा मन्त्रीस्तरीय जिम्मेवारी**
संघीय वा प्रदेश सरकारको मन्त्री, राज्यमन्त्री, सहायक मन्त्री वा सोसरहको राजनीतिक जिम्मेवारी सम्हालिसकेको अवस्थामा।

**३. उच्चस्तरीय राजनीतिक तथा कूटनीतिक नियुक्ति**

संवैधानिक निकायका पदाधिकारी, राजदूत, वा सरकारी स्वामित्वका ठूला सार्वजनिक संस्थान, बोर्ड, समिति, आयोग, प्राधिकरण आदिको कार्यकारी प्रमुख वा सञ्चालक समितिको अध्यक्ष पदमा नियुक्ति पाइसकेको अवस्थामा।

**४. समानुपातिक तथा आरक्षण कोटाको पूर्व–उपभोग**

सीमान्तकृत समुदायकै भए तापनि यसअघि नै एकपटक समानुपातिक निर्वाचन प्रणालीबाट सांसद बनिसकेको वा राज्यको उच्च तहमा आरक्षण कोटाको सुविधा लिइसकेको अवस्थामा।

## समावेशिता मूल्याङ्कनका आधार र अङ्कभार:

खुला प्रतिस्पर्धाका आकांक्षीहरूलाई उनीहरूको अवस्था र प्रतिनिधित्वको आवश्यकताका आधारमा देहायबमोजिमका विभिन्न सूचकहरू ; खण्ड क देखि ङ सम्म  बाट अङ्क प्रदान गरिनेछ।

कुनै उम्मेदवार एकभन्दा बढी वा सबै सूचकहरूमा योग्य ठहरिएर निजको कुल प्राप्ताङ्क १० भन्दा बढी हुन गए तापनि यस समावेशिता खण्डअन्तर्गत एक जना उम्मेदवारले अधिकतम १० अङ्क मात्र प्राप्त गर्न सक्नेछ। १० भन्दा बढी अङ्क प्राप्त गर्नेको हकमा १० अङ्कलाई नै अन्तिम प्राप्ताङ्क मानिनेछ।

यसअन्तर्गतका आधार र अङ्कभारहरू निम्नबमोजिम हुनेछन्:

### क. लैङ्गिक समानता र कार्यकारी नेतृत्वमा दाबी (अधिकतम ३ अङ्क)

कानुनले अनिवार्य गरेको सुरक्षित सिटबाहेक खुला पदहरूमा दाबी गर्ने महिला आकांक्षीहरूलाई पदको प्रकृति हेरी देहायबमोजिम अङ्क प्रदान गरिनेछ:

**खुला सदस्य पद:** खुला वडा सदस्य पदमा प्रतिस्पर्धा गर्न चाहने महिला आकांक्षीलाई २ अङ्क प्रदान गरिनेछ।

**कार्यकारी पद:** वडा अध्यक्ष तथा पालिकाको प्रमुख/अध्यक्ष वा उपप्रमुख/उपाध्यक्षजस्ता कार्यकारी पदमा दाबी गर्ने महिला आकांक्षीलाई ३ अङ्क प्रदान गरिनेछ।

### ख. सामाजिक पहिचान र जनसाङ्ख्यिकीय प्रतिनिधित्व (अधिकतम ४ अङ्क)

संविधानद्वारा सीमान्तकृत भनी तोकिएका क्लस्टर दलित, आदिवासी/जनजाति, मधेसी, थारू वा मुस्लिम बाट प्रतिनिधित्व गर्ने आकांक्षीहरूलाई सामाजिक पहिचानका आधारमा २ अङ्क प्रदान गरिनेछ। यसका अतिरिक्त, सम्बन्धित वडा वा पालिकामा सबैभन्दा बढी जनसङ्ख्या भएको समुदाय, वा अति–अल्पसङ्ख्यक, लोपोन्मुख जाति, धार्मिक अल्पसङ्ख्यक, LGBTQ+ समुदायका आकांक्षीलाई जनसाङ्ख्यिकीय सन्तुलनका लागि थप २ अङ्क प्रदान गरिनेछ।

## ग. युवा पुस्ता र फर्किएका उद्यमी (अधिकतम ४ अङ्क)

पार्टीको नेतृत्वमा युवा सहभागितालाई प्रोत्साहन गर्न ४० वर्षमुनिका युवा आकांक्षीहरूलाई २ अङ्क प्रदान गरिनेछ। साथै, वैदेशिक रोजगारीबाट स्वदेश फर्किएर आफ्नै भूगोलमा कृषि, व्यवसाय वा उद्यम सञ्चालन गरिरहेका फर्किएका श्रमिक/उद्यमी (Returnee Migrants) आकांक्षीहरूलाई स्थानीय अर्थतन्त्रमा उनीहरूको सीप र अनुभव जोड्ने उद्देश्यले यसै खण्डको अधिकतम सीमाभित्र रहने गरी थप २ अङ्क प्रदान गरिनेछ।

## घ. अपाङ्गता र विपन्न वर्ग (अधिकतम ४ अङ्क)

आर्थिक रूपमा अत्यन्त विपन्न वा गरिबीको रेखामुनि रहेका आकांक्षीहरूलाई २ अङ्क प्रदान गरिनेछ। नेपाल सरकारबाट 'क' वा 'ख' वर्गको परिचयपत्र प्राप्त अपाङ्गता भएका व्यक्तिहरूलाई २ अङ्क प्रदान गरिनेछ।

## ङ. आन्तरिक भौगोलिक वञ्चितीकरण (अधिकतम २ अङ्क)

पालिका वा वडाभित्र पनि विकासका दृष्टिले सबैभन्दा पछाडि पारिएको, दुर्गम वा सीमान्तकृत भूगोल तथा बस्तीबाट प्रतिनिधित्व गर्ने आकांक्षीलाई भौगोलिक समावेशिताको आधारमा प्राथमिकता दिँदै २ अङ्क प्रदान गरिनेछ।

***द्रष्टव्य:***

*माथि उल्लिखित खण्ड क देखि ङ सम्मका कुनै पनि वा सबै खण्डमा उम्मेदवारको योग्यता पुगेको भए तापनि यस मूल्याङ्कनबाट कुनै पनि उम्मेदवारले कुल १० अङ्कभन्दा बढी दाबी गर्न पाउने छैन।*

### मूल्याङ्कनका स्पष्ट दृष्टान्तहरू

प्रस्तावित मापदण्ड लागू हुँदा उम्मेदवारले विभिन्न खण्डबाट प्राप्त गर्ने अङ्क र समग्र अधिकतम १० अङ्कको सीमा (Overall Capping) कसरी लागू हुन्छ भन्ने स्पष्ट पार्न निम्न दृष्टान्तहरू प्रस्तुत गरिएको छ:

**दृष्टान्त १:** सबै सूचकमा योग्य भई सैद्धान्तिक रूपमा १७ अङ्क पुग्ने तर १० अङ्क मात्र पाउने चरम अवस्था

वडाध्यक्ष अर्थात् कार्यकारी पदमा दाबी गरेकी दलित महिला उम्मेदवार। निजको समुदाय उक्त क्षेत्रमा अति–अल्पसङ्ख्यक छ। निज ४० वर्षमुनिकी युवा हुन् र वैदेशिक रोजगारबाट फर्किएर उद्यम गरिरहेकी छन्। साथै, उनी गरिबीको रेखामुनि अर्थात् विपन्न वर्गकी छिन्, नेपाल सरकारबाट परिचयपत्र प्राप्त अपाङ्गता भएकी व्यक्ति हुन् र अति दुर्गम भूगोलकी बासिन्दा हुन्।

**अङ्क गणना:**

खण्ड 'क' - कार्यकारी पदमा महिला: ३ अङ्क
खण्ड 'ख' - सामाजिक पहिचान: दलित २ + अति–अल्पसङ्ख्यक २ = ४ अङ्क
खण्ड 'ग' - युवा र फर्किएका उद्यमी: युवा २ + फर्किएका उद्यमी २ = ४ अङ्क

खण्ड 'घ' - विपन्न वर्ग र अपाङ्गता: विपन्न वर्ग २ + अपाङ्गता २ = ४ अङ्क
खण्ड 'ङ' - भौगोलिक वञ्चितीकरण: २ अङ्क

**कुल खण्डगत योगफल:**
३ + ४ + ४ + ४ + २ = १७ अङ्क

**अन्तिम प्राप्ताङ्क:**
निजले सबै सूचकहरूमा योग्यता पुर्‍याई कुल १७ अङ्क प्राप्त गर्न सक्ने अवस्था भए तापनि समग्र अधिकतम सीमा अर्थात् Overall Capping Clause का कारण निजको अन्तिम प्राप्ताङ्क १० अङ्क मात्र कायम हुनेछ।

**दृष्टान्त २:** ठ्याक्कै १० अङ्क पुग्ने अवस्था
खुला वडा सदस्य पदमा दाबी गरेकी मुस्लिम समुदायकी महिला उम्मेदवार। निजको समुदाय उक्त वडामा अति–अल्पसङ्ख्यक बस्तीका रूपमा रहेको छ। निज ४० वर्षमुनिकी युवा हुन् र आर्थिक रूपमा विपन्न छिन्।

**अङ्क गणना:**
खण्ड 'क' - खुला सदस्य पदमा महिला: २ अङ्क
खण्ड 'ख' - सामाजिक पहिचान: मुस्लिम २ + अति–अल्पसङ्ख्यक २ = ४ अङ्क
खण्ड 'ग' - युवा: २ अङ्क
खण्ड 'घ' - विपन्न वर्ग: २ अङ्क

**कुल खण्डगत योगफल:**
२ + ४ + २ + २ = १० अङ्क

**अन्तिम प्राप्ताङ्क:**
निजले कुल १० अङ्क प्राप्त गर्नेछिन्।

## ४. प्रारम्भिक निर्वाचन (भाराङ्क: ४०%)

पार्टी संरचनाभित्र रहेका सदस्यहरूले आफ्नो मतमार्फत आफ्नै पार्टीका उम्मेदवार छनोट गर्न पाउनु आन्तरिक लोकतन्त्रको सबैभन्दा सुन्दर अभ्यासमध्ये एक हो। स्थापनाकालदेखि नै प्रारम्भिक निर्वाचनलाई पार्टीको एउटा महत्त्वपूर्ण आधारस्तम्भका रूपमा स्वीकार गर्दै आएको यस पार्टीले सम्भव हुने हरेक उम्मेदवार छनोट प्रक्रियामा प्रारम्भिक निर्वाचनलाई अनिवार्य अवयवका रूपमा समावेश गर्दै आएको छ।

प्रारम्भिक निर्वाचनले सम्बन्धित निर्वाचन क्षेत्रभित्र उम्मेदवारको लोकप्रियता, सङ्गठनात्मक स्वीकार्यता र जनाधारलाई परीक्षण गर्ने मात्र होइन, निर्णय प्रक्रियामा पार्टी सदस्यहरूको सार्वभौम अधिकारलाई समेत सुनिश्चित गर्छ भन्ने विश्वास पार्टीले लिएको छ। साथै, यस अभ्यासले नेपाली राजनीतिमा उम्मेदवार छनोटका क्रममा देखिने पहुँच, प्रभाव, नातावाद, कृपावाद, गुटगत दबाब, आर्थिक हैसियत वा नेतृत्व निकटतामा आधारित प्रवृत्तिलाई निरुत्साहित गर्दै पार्टी सदस्यहरूको मताधिकारलाई संस्थागत गर्नेछ।

## प्रारम्भिक निर्वाचनका लागि स्तरीकृत भाराङ्क प्रणाली

प्रारम्भिक निर्वाचनमा मतदान गर्न अधिकारप्राप्त सदस्यहरूलाई देहायबमोजिमका तीन तहका निर्वाचन मण्डल (Electoral College) मा वर्गीकरण गरी उनीहरूको मतको भाराङ्क (Vote Weightage) निर्धारण गरिनेछ। प्रारम्भिक निर्वाचनको कुल परिणामलाई १०० पूर्णाङ्क (Total Score) मानी निम्नानुसार मतभार गणना गरिनेछ:

**क. क्रियाशील मतदाता मण्डल (Grassroots Electoral College: Tier 1) - भाराङ्क: ७५%**

सम्बन्धित निर्वाचन क्षेत्रभित्र मतदाता ठेगाना कायम भएका पार्टीका सम्पूर्ण साधारण सदस्यहरू यस मण्डलमा रहनेछन्।

**ख. मध्यवर्ती साङ्गठनिक मतदाता मण्डल (Mid-level Organizational Electoral College: Tier 2) - भाराङ्क: १५%**

सम्बन्धित निर्वाचन क्षेत्रमा मतदाता ठेगाना कायम भएका वडा तथा पालिका कमिटीका बहालवाला पदाधिकारी तथा सदस्यहरू, जिल्ला तथा प्रदेश कमिटीका पदाधिकारी तथा सदस्यहरू, र पार्टीका केन्द्रीय विभाग (Central Departments) का सदस्यहरू यस मण्डलमा रहनेछन्।

**ग. विशिष्ट मतदाता मण्डल (Superdelegates / Top-level Electoral College: Tier 3) - भाराङ्क: १०%**

सम्बन्धित निर्वाचन क्षेत्रमा मतदाता ठेगाना कायम भएका पार्टीका केन्द्रीय कमिटीका पदाधिकारी तथा सदस्यहरू र सङ्घीय सांसदहरू (Members of Parliament) यस मण्डलमा रहनेछन्।

पार्टी सङ्गठनलाई निरन्तर विस्तार गर्न र सङ्गठनमा सीमित व्यक्तिको सिन्डिकेट अर्थात् गेटकिपिङ (Gatekeeping) रोक्न प्रारम्भिक निर्वाचनको भाराङ्कलाई सम्बन्धित निर्वाचन क्षेत्रको कुल मतदाता सङ्ख्या र पार्टीका आधिकारिक सदस्य सङ्ख्याको अनुपातका आधारमा गतिशील (Dynamic) बनाइनेछ। निर्वाचन आयोगले पछिल्लोपटक सार्वजनिक गरेको सम्बन्धित निर्वाचन क्षेत्रको कुल मतदाता सङ्ख्याको तुलनामा पार्टीका योग्य सदस्यहरूको सङ्ख्या कति प्रतिशत छ भन्ने तथ्याङ्कका आधारमा प्रारम्भिक निर्वाचनको भाराङ्क, अधिकतम ४० प्रतिशतभित्र रही, देहायबमोजिम निर्धारण गरिनेछ:

क) कुल मतदाताको ५% वा सोभन्दा बढी पार्टी सदस्य भएको अवस्थामा प्रारम्भिक निर्वाचनको भाराङ्क पूर्ण अर्थात् ४०% हुनेछ। अर्थात् कुल मूल्याङ्कनमा प्रारम्भिक निर्वाचनबाट अधिकतम ४० अङ्क प्राप्त हुनेछ।

ख) कुल मतदाताको ४% देखि ४.९९% सम्म पार्टी सदस्य भएको अवस्थामा प्रारम्भिक निर्वाचनको भाराङ्क ३०% हुनेछ। अर्थात् कुल मूल्याङ्कनमा प्रारम्भिक निर्वाचनबाट अधिकतम ३० अङ्क प्राप्त हुनेछ।

ग) कुल मतदाताको ३% देखि ३.९९% सम्म पार्टी सदस्य भएको अवस्थामा प्रारम्भिक निर्वाचनको भाराङ्क २०% हुनेछ। अर्थात् कुल मूल्याङ्कनमा प्रारम्भिक निर्वाचनबाट अधिकतम २० अङ्क प्राप्त हुनेछ।

घ) कुल मतदाताको २% देखि २.९९% सम्म पार्टी सदस्य भएको अवस्थामा प्रारम्भिक निर्वाचनको भाराङ्क १०% हुनेछ। अर्थात् कुल मूल्याङ्कनमा प्रारम्भिक निर्वाचनबाट अधिकतम १० अङ्क प्राप्त हुनेछ।

ङ) कुल मतदाताको १% देखि १.९९% सम्म पार्टी सदस्य भएको अवस्थामा प्रारम्भिक निर्वाचनको भाराङ्क ५% हुनेछ। अर्थात् कुल मूल्याङ्कनमा प्रारम्भिक निर्वाचनबाट अधिकतम ५ अङ्क प्राप्त हुनेछ।

च) कुल मतदाताको १% भन्दा कम पार्टी सदस्य भएको अवस्थामा उक्त निर्वाचन क्षेत्रमा प्रारम्भिक निर्वाचन आयोजना गरिने छैन। यस्तो अवस्थामा प्रारम्भिक निर्वाचनको भाराङ्क शून्य हुनेछ र उम्मेदवारको अन्तिम छनोट सम्बन्धित माथिल्लो कमिटीले गर्नेछ।

## प्रारम्भिक निर्वाचनमा मतदान गर्ने विधि र प्राविधिक सुरक्षा

प्रारम्भिक निर्वाचनमा पार्टी सदस्यहरूको सहज सहभागिता र उच्चतम प्राविधिक सुरक्षा सुनिश्चित गर्न मतदान प्रक्रिया देहायबमोजिमका विधिमार्फत सञ्चालन गरिनेछ:

### १. प्राथमिक विधि: अनलाइन मतदान

प्रारम्भिक निर्वाचनमा मतदानको मुख्य विधिका रूपमा अनलाइन मतदान प्रणाली अपनाइनेछ। यसको सञ्चालन र सुरक्षा मापदण्ड देहायबमोजिम हुनेछ:

**क) आधिकारिक एपको प्रयोग(Use of Official App):** मतदान प्रक्रिया केन्द्रीय निर्वाचन समितिद्वारा सञ्चालित पार्टीको आधिकारिक मोबाइल एपमार्फत सम्पन्न गरिनेछ।

**ख) द्वैध प्रमाणीकरण (Two-Factor Authentication):** अनधिकृत पहुँच र धाँधली रोक्न मतदाताले एपमा लगइन गर्दा युजरनेम र पासवर्डका साथै प्रणालीले पठाउने वन–टाइम पासवर्ड (OTP) अनिवार्य रूपमा प्रविष्ट गर्नुपर्नेछ।

**ग) ब्लकचेन तथ्याङ्क भण्डारण (Blockchain Data Storage):** अनलाइन मतदानमार्फत खसेको मत र समग्र निर्वाचनको तथ्याङ्कमा कुनै पनि तहबाट छेडछाड, हेरफेर वा धाँधली (Foul Play) नहोस् भनी सुनिश्चित गर्न प्रणालीको डेटा भण्डारणमा ब्लकचेन (Blockchain) वा सोसरहको अपरिवर्तनीय

(Immutable) प्रविधि प्रयोग गरिनेछ। डिजिटल प्रणालीमा एकपटक दर्ता भइसकेको मत वा तथ्याङ्क कसैले पनि मेटाउन वा सच्याउन नसक्ने गरी पूर्ण सुरक्षाको प्रत्याभूति गरिनेछ।

**घ) अनिवार्य परीक्षण (Mock Test):** अनलाइन मतदान प्रणालीमा आउन सक्ने सम्भावित प्राविधिक समस्याहरूको पहिचान र निराकरण गर्न निर्वाचन समितिले वास्तविक मतदान हुनुअगावै अनिवार्य रूपमा परीक्षण मतदान (Mock Test) सञ्चालन गर्नुपर्नेछ।

### २. वैकल्पिक विधि

कुनै स्थानीय तह, वडा वा विशेष स्थानमा भौगोलिक विकटता, इन्टरनेट पहुँचको अभाव वा अन्य प्राविधिक कारणले उपदफा १ बमोजिमको अनलाइन मतदान सम्भव नहुने यकिन भएमा देहायका वैकल्पिक विधि प्रयोग गर्न सकिनेछ:

**क) अफलाइन डिजिटल मतदान (Offline Digital Voting):** तोकिएको मतदान केन्द्रमा ट्याब्लेट वा कम्प्युटरको व्यवस्था गरी अफलाइन एपमार्फत सुरक्षित रूपमा डिजिटल मतदान गराइनेछ।

**ख) अन्य विधिको अनुमोदन (Validation of Alternative Methods):** माथि उल्लिखित वैकल्पिक विधि, अर्थात् अफलाइन डिजिटल मतदान वा अन्य कुनै उपयुक्त विधि, प्रयोग गर्नुपर्ने अवस्था सिर्जना भएमा सोको स्पष्ट कारण र पुष्ट्याइँसहित केन्द्रीय निर्वाचन समितिले सिफारिस गर्नेछ। केन्द्रीय समितिले अनुमोदन गरेबमोजिमको विधि र स्थान तय गरिनेछ।

## निर्वाचन मण्डलको समयसीमा तथा मतदाता नामावली

प्रारम्भिक निर्वाचनलाई पूर्ण रूपमा निष्पक्ष, पारदर्शी र प्रभाव–मुक्त बनाउन मतदाता मण्डलको हकमा देहायबमोजिमको समयसीमा (Cut-off Date) र सर्तहरू लागू हुनेछन्:

### १. नयाँ सदस्यलाई मताधिकार नहुने (No Voting Rights for New Members - Tier 1) को हकमा

सम्बन्धित स्थानीय तह वा वडाका लागि आकांक्षी उम्मेदवारहरूको प्रारम्भिक नामावली (Preliminary Candidate List) सार्वजनिक भएपछि कुनै पनि नागरिकलाई पार्टीको नयाँ सदस्यता प्राप्त गर्न वा सदस्यता नवीकरण गर्न कुनै बाधा पर्ने छैन। तर, उक्त कट–अफ मिति पछि सदस्यता प्राप्त गरेका वा नवीकरण गरेका सदस्यहरूले सो प्रारम्भिक निर्वाचनमा मतदान गर्न पाउने छैनन्।

## २. पदीय भाराङ्क तथा मनोनयनमा मताधिकार नबढ्ने (Tier 2 र Tier 3) को हकमा

आकांक्षी उम्मेदवारहरूको प्रारम्भिक नामावली सार्वजनिक भएपछि पार्टीको कुनै पनि वडा, पालिका, जिल्ला, प्रदेश कमिटी वा केन्द्रीय विभाग/संरचनामा मनोनीत, नियुक्त वा पदोन्नति भएका व्यक्तिहरूले स्तरीकृत भाराङ्क प्रणालीअन्तर्गत नयाँ पदीय हैसियतको मताधिकार प्राप्त गर्ने छैनन्।

***स्पष्टीकरण:***

*यस्तो अवस्थामा कुनै व्यक्ति कट–अफ मितिभन्दा अगाडिदेखि नै जुन तह (Tier) को मतदाता मण्डलमा कायम थियो, निजले सोही पूर्ववत् हैसियत र भाराङ्कमा मात्र मतदान गर्न पाउनेछ। नयाँ मनोनयन, नियुक्ति वा पदोन्नतिका आधारमा निजको मतभार वृद्धि हुने छैन।*

## ३. भूगोल स्थानान्तरणमा रोक (Voter Transfer Restriction)

प्रारम्भिक नामावली सार्वजनिक भएपछि अन्य वडा, पालिका वा जिल्लाबाट पार्टी सदस्यता वा मतदाता ठेगाना स्थानान्तरण (Transfer) गरी आएका सदस्यहरूले सम्बन्धित नयाँ भूगोलको प्रारम्भिक निर्वाचनमा मतदान गर्न पाउने छैनन्।

## ४. अन्तिम नामावलीको डिजिटल पहुँच र गोपनीयता (Digital Access of Voter Roll & Data Privacy)

निर्वाचन समितिले मतदान सुरु हुनुअघि तीनवटै तह (Tiers) का मतदाताहरूको अन्तिम नामावली पार्टीको आधिकारिक मोबाइल एपमार्फत सर्चएबल डाटाबेस (Searchable Database) प्रणालीमा उपलब्ध गराउनेछ। पार्टीका आधिकारिक सदस्यहरूले मात्र उक्त एपमा नाम, जन्ममिति वा सदस्यता नम्बर प्रविष्ट गरी सम्बन्धित निर्वाचन क्षेत्रको मतदाता नामावलीमा कुनै व्यक्ति समावेश भए/नभएको सर्च गरेर हेर्न सक्नेछन्। उक्त डाटाबेसमा मतदाताको गोपनीयता सुरक्षित गर्न निजको सम्पर्क नम्बर (Phone Number) लगायतका अन्य संवेदनशील व्यक्तिगत विवरणहरू पूर्ण रूपमा गोप्य वा मास्क्ड (Masked) राखिनेछ।

# उम्मेदवार छनोटको समग्र कार्यतालिका तथा मूल्याङ्कनको वैज्ञानिक शृङ्खला

देशभरका स्थानीय तह र वडाहरूमा सञ्चालन हुने उम्मेदवार छनोट प्रक्रियामा कुनै पनि प्रकारको मानवीय चलखेल (Foul Play), मनोवैज्ञानिक प्रभाव (Bandwagon Effect) र गणितीय हेरफेरलाई पूर्ण रूपमा निषेध गर्न देहायबमोजिमको वैज्ञानिक कार्यतालिका प्रणाली लागू गरिनेछ:

## १. मूल्याङ्कनको अनिवार्य शृङ्खला र डिजिटल लक (Sequential Evaluation & Digital Lock)

सबै भूगोलमा उम्मेदवार छनोटको प्रक्रिया एउटै कालक्रमिक शृङ्खलामा अघि बढ्नेछ। प्रारम्भिक निर्वाचनको मतदान सुरु हुनुअगावै सम्बन्धित आकांक्षीहरूको लिडरसिप एकेडेमी, पोलिटिकल प्रोक्सिमिटी र समावेशिता

खण्डको सम्पूर्ण मूल्याङ्कन अनिवार्य रूपमा सम्पन्न गरी प्राप्त अङ्कलाई पार्टीको आधिकारिक डिजिटल प्रणाली/सर्भरमा डिजिटल लक (Digital Lock) गरिनेछ।

### २. ब्लाइन्ड भोटिङ प्रणाली (Blind Voting System)

मतदातामाथि पर्न सक्ने मनोवैज्ञानिक प्रभाव रोक्न र स्वच्छ मतदान सुनिश्चित गर्न उपदफा १ बमोजिम डिजिटल लक गरिएका तीनवटै खण्ड — लिडरसिप एकेडेमी, पोलिटिकल प्रोक्सिमिटी र समावेशिता — का प्राप्ताङ्कहरू प्रारम्भिक निर्वाचनको मतदान प्रक्रिया पूर्ण रूपमा सम्पन्न नभएसम्म आकांक्षी तथा मतदाता कसैलाई पनि थाहा नहुने गरी प्रणालीमा गोप्य वा सिल्ड (Sealed) राखिनेछ।

### ३. एकाइगत एकरूपता (Unit-level Simultaneous Election)

देशभरको प्रारम्भिक निर्वाचन एकैदिन गर्न व्यवस्थापकीय रूपमा सम्भव नभए तापनि स्पिल–ओभर इफेक्ट (Spill-over Effect) अर्थात् एउटाको नतिजाले अर्कोलाई प्रभाव पार्ने अवस्था रोक्न एउटा पालिका — सम्बन्धित महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिका — भित्रका सम्पूर्ण पदहरू, अर्थात् प्रमुख/उपप्रमुख वा अध्यक्ष/उपाध्यक्ष तथा सबै वडाका वडा अध्यक्ष र सदस्यहरूको प्रारम्भिक निर्वाचन अनिवार्य रूपमा एकै दिन र एकै समयमा सञ्चालन गरिनेछ। फरक–फरक पालिका, जिल्ला वा प्रदेशको हकमा भने निर्वाचन समितिले फरक मिति तय गर्न सक्नेछ।

### ४. उल्टो प्रभाव निषेध (Strict Non-Reversibility)

प्रारम्भिक निर्वाचनको मतदान सुरु भइसकेपछि वा मतपरिणाम आइसकेपछि कुनै पनि बहानामा उम्मेदवारको लिडरसिप एकेडेमी, पोलिटिकल प्रोक्सिमिटी वा समावेशिता खण्डको अङ्कमा थपघट वा परिमार्जन गर्न पूर्ण रूपमा निषेध गरिनेछ। यस्तो परिमार्जन प्रणालीगत रूपमा प्रतिबन्धित (System-restricted) हुनेछ।

### ५. एकमुष्ट नतिजा प्रकाशन (Integrated Result Declaration)

सम्बन्धित पालिकाको प्रारम्भिक निर्वाचनको मतदान र मतगणना सम्पन्न भइसकेपछि प्रणालीबाट डिजिटल लक खोलिनेछ। त्यसपछि चारवटै खण्डको प्राप्ताङ्कको जोडसहितको विस्तृत स्कोरकार्ड र अन्तिम नतिजा (Final Result) एकमुष्ट रूपमा मात्र सार्वजनिक गरिनेछ।

## मूल्याङ्कनको अधिकार बाँडफाँट तथा अङ्क प्रदान गर्ने निकाय

उम्मेदवारको समग्र मूल्याङ्कनलाई पूर्ण रूपमा तथ्यमा आधारित (Data-driven) र वस्तुपरक बनाउन विभिन्न खण्डहरूको अङ्क (Marking) प्रदान गर्ने अधिकार देहायबमोजिम केन्द्रीकृत र विकेन्द्रीकृत निकायहरूलाई प्रत्यायोजन गरिनेछ:

## १. लिडरसिप एकेडेमी - २५% केन्द्रीकृत र विज्ञ–निर्देशित (Centralized & Expert-led)

उम्मेदवारको प्राज्ञिक क्षमता, नीतिगत स्पष्टता र वैचारिक बुझाइको विशुद्ध वस्तुगत मूल्याङ्कन गर्न पार्टीको केन्द्रीय लिडरसिप एकेडेमी वा उसले तोकेको स्वतन्त्र विज्ञ समूह (Independent Assessment Board) ले अङ्क प्रदान गर्ने निकायका रूपमा कार्य गर्नेछ।उक्त निकायले परीक्षणपश्चात् प्रदान गरेको प्राप्ताङ्क सिधै केन्द्रीय सर्भरमा डिजिटल लक गरिनेछ।

## २. पोलिटिकल प्रोक्सिमिटी - २५% मिश्रित मूल्याङ्कन र चेक एन्ड ब्यालेन्स (Decentralized with Central Oversight)

पोलिटिकल प्रोक्सिमिटीको मापनका लागि उम्मेदवार मूल्याङ्कन समिति (Candidate Evaluation Committee) गठन गरिनेछ। उम्मेदवार जुन तहको हो, मूल्याङ्कन समितिको नेतृत्व त्योभन्दा कम्तीमा एक तह माथिको संरचनाले देहायबमोजिम गर्नेछ:

### क. वडा अध्यक्ष तथा वडा सदस्यको हकमा

सम्बन्धित जिल्ला कमिटीले तोकेको प्रतिनिधिको संयोजकत्वमा, सम्बन्धित पालिका कमिटीका पदाधिकारीहरू र प्रदेश कमिटीले खटाएको एकजना पर्यवेक्षक (Observer) रहने गरी मूल्याङ्कन समिति गठन हुनेछ।

***स्पष्टीकरण:*** *वडा कमिटीले आफ्नै वडाको उम्मेदवारलाई अङ्क दिन पाउने छैन। वडा कमिटीले केवल सिफारिस मात्र गर्नेछ।*

### ख. गाउँपालिका अध्यक्ष/उपाध्यक्ष र नगरपालिकाका प्रमुख/उपप्रमुखको हकमा

सम्बन्धित प्रदेश कमिटीले तोकेको प्रतिनिधिको संयोजकत्वमा, सम्बन्धित जिल्ला कमिटीका पदाधिकारीहरू र केन्द्रीय छनोट समितिले खटाएको एकजना पर्यवेक्षक रहने गरी मूल्याङ्कन समिति गठन हुनेछ।

***स्पष्टीकरण:*** *सम्बन्धित पालिका कमिटीले उम्मेदवारलाई अङ्क दिन पाउने छैन। पालिका कमिटीले केवल सिफारिस मात्र गर्नेछ।*

### ग. उपमहानगरपालिकाका प्रमुख/उपप्रमुखको हकमा

केन्द्रीय छनोट समितिले खटाएको केन्द्रीय सदस्य वा प्रतिनिधि सभा सदस्यको संयोजकत्वमा सम्बन्धित प्रदेश कमिटीका सभापति, उपसभापति र महामन्त्री, सम्बन्धित केन्द्रीय सदस्य र प्रतिनिधि सभा सदस्यसहितको मूल्याङ्कन समिति गठन हुनेछ।
***स्पष्टीकरण:*** *सम्बन्धित उपमहानगरपालिका कमिटीले उम्मेदवारलाई अङ्क दिन पाउने छैन। उपमहानगरपालिका कमिटीले केवल सिफारिस मात्र गर्नेछ।*

### घ. महानगरपालिकाका प्रमुख/उपप्रमुखको हकमा

पार्टीको केन्द्रीय सचिवालयले प्रत्यक्ष रूपमा मूल्याङ्कन समितिको कार्य गर्नेछ।

## ३. समावेशिता १०% स्वचालित र प्रणाली–निर्देशित (Automated & System-driven)

यस खण्डमा कुनै पनि व्यक्ति वा समितिले तजबिजी (Discretionary) अधिकार प्रयोग गरेर अङ्क दिन पाउने छैन। उम्मेदवारले आफ्नो अनलाइन प्रोफाइलमा प्रविष्ट गरेको जन्ममिति, नागरिकता, लिङ्ग र प्रमाणित समावेशी कागजातहरूका आधारमा सम्बन्धित समितिले कागजात प्रमाणीकरण गरेपछि तोकिएको रुब्रिक्स (Scoring Rubrics) का आधारमा पार्टीको डिजिटल प्रणालीले नै स्वचालित रूपमा उम्मेदवारको अङ्क जोडिदिनेछ।

***छनोट समितिमा संलग्न हुन निषेध:*** *यदि कुनै व्यक्ति आफैं उम्मेदवारको रूपमा प्रतिस्पर्धा गरिरहेको छ वा कुनै उम्मेदवारसँग उसको नजिकको पारिवारिक, व्यक्तिगत वा व्यावसायिक सम्बन्ध छ भने, त्यस्तो व्यक्ति मूल्याङ्कन समितिमा बस्न पाउने छैन।*

# उम्मेदवार छनोट रूपरेखा कार्यान्वयन तथा समन्वय समिति

पार्टी केन्द्रीय समितिबाट पारित स्थानीय तह उम्मेदवार छनोट रूपरेखालाई अक्षरशः र प्रभावकारी रूपमा कार्यान्वयन गर्न पूर्ण क्षेत्राधिकारसहित एउटा उम्मेदवार छनोट रूपरेखा कार्यान्वयन तथा समन्वय समिति गठन गरिनेछ। यस समितिले आफ्नो सम्पूर्ण कार्यसम्पादन तथा निर्णयहरूको प्रतिवेदन नियमित रूपमा केन्द्रीय सचिवालयमा पेस गर्नेछ र सचिवालयप्रति प्रत्यक्ष रूपमा जवाफदेही हुनेछ।

## १. समितिको कार्यक्षेत्र र अधिकार (Jurisdiction and Authority)

**क. रूपरेखाको एकरूपता र देशव्यापी कार्यान्वयन:** पारित उम्मेदवार छनोट रूपरेखालाई केन्द्रदेखि वडा तहसम्म कुनै सम्झौता नगरी एकरूपताका साथ लागू गराउने। स्थानीय विशिष्टताका नाममा रूपरेखाको मूल मर्म र स्थापित मापदण्डमा कुनै पनि प्रकारको विचलन आउन नदिने सम्पूर्ण अभिभारा यस समितिको हुनेछ।

**ख. उपसमितिहरूको निर्माण, समन्वय र परिचालन:** रूपरेखा कार्यान्वयनको सिलसिलामा कार्यप्रकृतिका आधारमा आवश्यकताअनुसार विभिन्न विषयगत उपसमितिहरू (Task Forces/Sub-committees) निर्माण गर्ने। त्यस्ता उपसमितिहरूलाई स्पष्ट कार्यदेश (ToR) सहित परिचालन गर्ने र तिनीहरूबीचको कार्यसम्पादनमा उच्चस्तरीय समन्वय कायम गर्ने।

**ग. कार्यतालिका र समयसीमा व्यवस्थापन:** रूपरेखामा उल्लेख भएबमोजिमका सम्पूर्ण प्रक्रियाहरूलाई निश्चित समयभित्रै सम्पन्न गर्न स्पष्ट कार्यतालिका (Time-line) सहितको कार्यान्वयन क्यालेन्डर निर्माण गर्ने र त्यसलाई बाध्यात्मक रूपमा लागू गराउने।

**घ. संरचनागत समन्वय र कार्यसम्पादन:** रूपरेखा सम्पन्न गर्न आवश्यक पर्ने सम्पूर्ण कार्यहरूको नेतृत्व गर्ने र त्यसका लागि पार्टीका प्रदेश, जिल्ला, पालिका र वडा तहका सम्पूर्ण आधिकारिक संरचनाहरूसँग प्रत्यक्ष समन्वय गरी कामलाई नतिजामुखी बनाउने।

**ङ. गुणस्तर नियन्त्रण र विशेष हस्तक्षेप:** उम्मेदवार छनोट प्रक्रिया तोकिएको मापदण्डभन्दा बाहिर गएर प्रभावित गर्न खोजिएमा वा रूपरेखा मिचिएमा त्यसलाई तत्काल खारेज वा रोक्न सक्ने गरी विशेष हस्तक्षेप (Intervention) गर्ने पूर्ण अधिकार यस समितिलाई हुनेछ।

**च. विवाद समाधान र गुनासो व्यवस्थापन:** छनोट प्रक्रियाको कुनै पनि चरणमा उत्पन्न हुने विवाद वा आकांक्षीहरूका गुनासोहरूलाई रूपरेखाको परिधिभित्रै रहेर द्रुत गतिमा सम्बोधन गर्ने। यसका लागि सम्बन्धित तहको पार्टी संरचनालाई आवश्यक समन्वय र निर्देशन गर्ने।

**छ. प्रविधि सञ्चालन तथा तथ्याङ्क व्यवस्थापन:** समग्र उम्मेदवार छनोट प्रक्रियालाई पारदर्शी, निष्पक्ष र तथ्यपरक बनाउन केन्द्रीयस्तरमा एकीकृत डिजिटल प्रणाली सञ्चालन गर्ने र नीतिगत निर्णयहरूलाई पूर्ण रूपमा तथ्याङ्कमा आधारित (Data-driven) बनाउने।

**ज. अन्तिम प्रमाणीकरण र वैधानिकता परीक्षण:** विभिन्न चरण पार गरेर आएका उम्मेदवारहरूको अन्तिम सूची पार्टीको विधान, निर्वाचन कानुन र समावेशी समानुपातिक मापदण्डअनुरूप भए/नभएको प्राविधिक तथा कानुनी परीक्षण गर्ने। वैधानिकता पुगेका उम्मेदवारहरूलाई पार्टीको आधिकारिक उम्मेदवारका रूपमा अन्तिम प्रमाणीकरण (Endorse) गर्ने।

**झ. केन्द्रीय आयोगहरूसँग समन्वय र दिशानिर्देश:** निर्वाचन आचारसंहिता, कानुन र पार्टी अनुशासनको परिधिभित्र रहेर काम गर्नका लागि पार्टीको केन्द्रीय निर्वाचन आयोग र केन्द्रीय अनुशासन आयोगसँग निरन्तर समन्वय गर्ने र आवश्यक नीतिगत दिशानिर्देश गर्ने।

## २. समितिको संरचना (Committee Structure)

यस समितिलाई निर्णय क्षमतामा सुदृढ र कार्यसम्पादनमा छरितो बनाउन केन्द्रीय सचिवालयबाट अनुमोदन हुने गरी देहायबमोजिमको २१ सदस्यीय संरचना गठन गरिनेछ:

**संयोजक १ जना:** पार्टीका पदाधिकारीहरूमध्येबाट केन्द्रीय सचिवालयले तोकेको व्यक्ति।
**पदेन सदस्य ७ जना:** सातै प्रदेशका पार्टी सभापतिहरू।
**सदस्यहरू १३ जना:** सातै प्रदेशबाट भौगोलिक तथा समावेशी सन्तुलन मिलाई कम्तीमा १ - १ जनाको प्रतिनिधित्व हुने गरी पार्टीका केन्द्रीय सदस्य तथा प्रतिनिधि सभा सदस्यहरूमध्येबाट केन्द्रीय सचिवालयले मनोनीत गरेका व्यक्तिहरू।
**सदस्य सचिव १ जना:** संयोजकले पदेन बाहेकका १३ जना सदस्यमध्येबाट एक जनालाई सदस्य-सचिव तोक्नेछन्।

## ३. बाह्य विज्ञको आमन्त्रण

समितिले आफ्नो कार्यसम्पादनका क्रममा सूचना प्रविधि, निर्वाचन कानुन, तथ्याङ्क विश्लेषण वा अन्य कुनै विशिष्ट विषयमा आवश्यकता महसुस गरेमा विषयगत विज्ञता भएका बाह्य विज्ञहरूलाई समितिको बैठकमा आमन्त्रित सदस्य वा सल्लाहकारका रूपमा सहभागी गराउन सक्नेछ।

## स्रोत व्यवस्थापन तथा वित्तीय पारदर्शिता

यो बृहत् उम्मेदवार छनोट प्रक्रिया केवल प्रशासनिक अभ्यास मात्र नभई पार्टीभित्र विधि, पारदर्शिता र संस्थागत सुशासन स्थापित गर्ने महत्त्वपूर्ण राजनीतिक प्रक्रिया हो। त्यसैले यस प्रक्रियालाई व्यवस्थित, निष्पक्ष, प्रविधिमैत्री र प्रभावकारी रूपमा सम्पन्न गर्न आवश्यक पर्ने आर्थिक स्रोतको सुनिश्चितता गर्ने जिम्मेवारी पार्टीले लिनेछ।

यस प्रयोजनका लागि उम्मेदवार छनोट रूपरेखाअन्तर्गत सङ्कलन हुने आवेदन शुल्क, लिडरसिप एकेडेमी (Leadership Academy) शुल्क लगायतका स्रोतबाट प्राप्त सम्पूर्ण आयलाई यसै रूपरेखाको कार्यान्वयन, प्रशिक्षण, प्रविधि सञ्चालन, तथ्याङ्क व्यवस्थापन, निर्वाचन व्यवस्थापन, अनुगमन तथा प्रशासनिक समन्वयमा मात्र खर्च गरिनेछ। यसरी सङ्कलित रकमलाई पार्टीको नियमित राजनीतिक गतिविधि वा अन्य असम्बन्धित प्रयोजनमा खर्च गरिने छैन।

यस प्रक्रियासँग सम्बन्धित सम्पूर्ण आर्थिक कारोबार (Financial Transactions), आम्दानी, खर्च, भुक्तानी, अभिलेख, बिल–भर्पाइ, वित्तीय प्रतिवेदन र अन्तिम लेखापरीक्षण पार्टीको केन्द्रीय आर्थिक विभागमार्फत मात्र व्यवस्थापन गरिनेछ। प्रत्येक आर्थिक निर्णय स्पष्ट अभिलेख, स्वीकृत प्रक्रिया र संस्थागत उत्तरदायित्वको आधारमा गरिनेछ।

उम्मेदवार छनोटजस्तो संवेदनशील राजनीतिक प्रक्रियामा आर्थिक अपारदर्शिता, प्रभाव, पहुँच वा अनुचित आर्थिक चलखेलले कुनै पनि स्थान नपाओस् भन्ने उद्देश्यले पार्टीले वित्तीय अनुशासनलाई यस रूपरेखाको अनिवार्य अंगका रूपमा लिनेछ। स्रोत व्यवस्थापनमा मितव्ययिता, पारदर्शिता, जवाफदेहिता र लेखापरीक्षणीय स्पष्टता कायम गर्दै पूर्ण संस्थागत सुशासन सुनिश्चित गरिनेछ।

## उम्मेदवार छनोट आचारसंहिता तथा दण्ड–सजायसम्बन्धी विशेष व्यवस्था

पार्टीको आन्तरिक लोकतन्त्रलाई सुदृढ गर्न, उम्मेदवार छनोट प्रक्रियाप्रति सदस्य तथा नागरिकको विश्वास कायम राख्न र स्थानीय तहको उम्मेदवार छनोटलाई पूर्ण रूपमा पारदर्शी, निष्पक्ष, मर्यादित र विधिसम्मत बनाउन शून्य सहनशीलता (Zero Tolerance) को नीतिसहित देहायबमोजिमको आचारसंहिता तथा दण्ड–सजायसम्बन्धी विशेष व्यवस्था लागू गरिनेछ।

### १. आर्थिक लेनदेन तथा चलखेलमा पूर्ण प्रतिबन्ध

उम्मेदवारी प्राप्त गर्ने वा गराउने उद्देश्यले, मूल्याङ्कनलाई प्रभावित पार्ने गरी कुनै पनि प्रकारको आर्थिक लेनदेन, चन्दा, सहयोग, उपहार, सुविधा, प्रत्यक्ष वा परोक्ष प्रलोभन, वा अन्य भौतिक लाभ दिन–लिन पूर्ण रूपमा निषेध गरिएको छ।

उम्मेदवार छनोट प्रक्रियामा पैसाको प्रभाव, पहुँचको दुरुपयोग वा सौदाबाजीले कुनै स्थान पाउने छैन। यस्तो आर्थिक चलखेल वा अनुचित लेनदेनमा संलग्न लिने र दिने दुवै पक्षलाई पार्टीको साधारण सदस्यसमेत नरहने गरी तत्काल निष्कासन गरिनेछ।

## २. आन्तरिक मतदान तथा मूल्याङ्कनमा धाँधलीविरुद्ध कडा कारबाही

उम्मेदवार छनोट रूपरेखाअन्तर्गत क्यान्डिडेट क्लब, लिडरसिप एकेडेमी, पोलिटिकल प्रोक्सिमिटी मूल्याङ्कन, समावेशिता अङ्क, प्रारम्भिक निर्वाचन वा अन्य कुनै पनि चरणमा हुने आन्तरिक मतदान, तथ्याङ्क सङ्कलन, प्रमाणीकरण वा स्कोरकार्ड प्रणालीमा जाली मत खसाल्ने, तथ्याङ्क तोडमोड गर्ने, प्रणालीमा अनधिकृत पहुँच गर्ने, नक्कली कागजात प्रयोग गर्ने वा कुनै पनि प्रकारको अनुचित प्रभाव पार्ने कार्यलाई गम्भीर निर्वाचन धाँधली मानिनेछ।

यस्तो कार्यमा संलग्न जो–कोही व्यक्तिलाई पार्टी सदस्यताबाटै बर्खास्त गरिनेछ र आवश्यक परे प्रचलित कानुनबमोजिम थप कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

## ३. छनोट समितिमा संलग्न पदाधिकारी तथा सदस्यहरूको आचरण

केन्द्रदेखि वडा तहसम्म गठन भएका उम्मेदवार छनोट समिति, मूल्याङ्कन समिति, उपसमिति वा कार्यदलमा रहेका कुनै पनि पदाधिकारी वा सदस्यले आफ्नो पदीय मर्यादा, निष्पक्षता र संस्थागत जिम्मेवारी विपरीत कार्य गरेमा, कुनै उम्मेदवारप्रति पक्षपात गरेमा, अनुचित प्रभावमा परेमा, गोप्य सूचना चुहाएमा, प्रक्रियाको गोपनीयता भङ्ग गरेमा वा निर्णय प्रक्रियालाई विकृत बनाउन खोजेमा त्यसलाई गम्भीर अनुशासनहीनता मानिनेछ।

यस्तो कार्य गर्ने पदाधिकारी वा सदस्यलाई तत्काल सम्पूर्ण जिम्मेवारीबाट पदमुक्त गरी पार्टी सदस्यताबाटै निष्कासन गरिनेछ।

## ४. गुटबन्दी, दुष्प्रचार र चरित्र हत्यालाई गम्भीर अनुशासनहीनता मानिने

उम्मेदवारीको पक्षमा माहोल बनाउन पार्टीको आधिकारिक संयन्त्रबाहिर गुटगत भेला गर्ने, समानान्तर संरचना खडा गर्ने, दबाब समूह निर्माण गर्ने, पार्टीका आधिकारिक निर्णय प्रक्रियालाई अवरुद्ध गर्न खोज्ने, वा अन्य आकांक्षी, पार्टी संरचना वा मूल्याङ्कन संयन्त्रविरुद्ध सामाजिक सञ्जाल तथा सञ्चारमाध्यममा भ्रामक सूचना, मिथ्या आरोप, दुष्प्रचार वा चरित्र हत्या गर्ने कार्यलाई अनुशासनको गम्भीर उल्लङ्घन मानिनेछ।

राजनीतिक प्रतिस्पर्धा स्वस्थ, मर्यादित र विचार–केन्द्रित हुनुपर्छ; व्यक्तिहत्यात्मक, गुटगत र विधिविरोधी अभ्यासलाई पार्टीभित्र कुनै स्थान दिइने छैन। यस्तो कार्यमा संलग्न आकांक्षीको उम्मेदवारी प्रक्रिया तत्काल खारेज गरी अनुशासनको कारबाही अघि बढाइनेछ।

## ५. कार्यान्वयन र प्रमाणको आधार

माथि उल्लेखित कुनै पनि बुँदामा कारबाही अघि बढाउँदा केवल आरोप, अनुमान वा उजुरीका भरमा निर्णय गरिने छैन। आचारसंहिता उल्लङ्घनसम्बन्धी उजुरी प्राप्त हुनासाथ पार्टीको केन्द्रीय अनुशासन आयोगले द्रुत छानबिन संयन्त्र (Fast-track Mechanism) मार्फत तत्काल अनुसन्धान गर्नेछ।

छानबिनका क्रममा प्राप्त तथ्य, प्रमाण, डिजिटल अभिलेख, साक्ष्य, कागजात, प्रत्यक्षदर्शी बयान वा अन्य प्रमाणित आधारबाट आरोप पुष्टि भएको खण्डमा मात्र सम्बन्धित व्यक्तिलाई कारबाहीको अन्तिम किनारा लगाइनेछ।

यस व्यवस्थाको उद्देश्य कसैलाई प्रतिशोधात्मक कारबाही गर्नु होइन; उम्मेदवार छनोट प्रक्रियालाई स्वच्छ, विश्वासयोग्य, विधिसम्मत र पार्टीको लोकतान्त्रिक चरित्रअनुरूप सुरक्षित राख्नु हो।

### विशेष व्यवस्था

उम्मेदवार छनोट रूपरेखामा जुनसुकै कुरा लेखिएको वा व्यवस्था भएको भए तापनि पार्टीको केन्द्रीय सचिवालयले, केन्द्रीय समितिबाट अनुमोदन गराउने गरी, हरेक तहको उम्मेदवार छनोटमा अधिकतम १५ प्रतिशतमा नबढ्ने गरी विशेषाधिकार (Special Prerogative) प्रयोग गर्न सक्नेछ।

### रूपरेखाको बाध्यात्मक व्यवस्था तथा असाधारण परिस्थिति

यस स्थानीय तह उम्मेदवार छनोट रूपरेखा पार्टीबाट अनुमोदन भई लागू भइसकेपछि यसमा निर्धारित विधि र प्रक्रियाभन्दा बाहिर गएर उम्मेदवार छनोट गर्नुपर्ने असाधारण परिस्थिति सिर्जना भएमा त्यस्तो निर्णयका लागि पार्टी केन्द्रीय समितिको तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको कम्तीमा दुई–तिहाइ बहुमतबाट अनुमोदन हुनु अनिवार्य हुनेछ।

॥ धन्यवाद ॥